का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० कात्तिक २०८१,
मंगलबार
5 November, 2024
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक २५६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

जाजरकोट भूकम्प पीडित एक वर्षदेखि पालमै

## चिसोको चिन्ता

भूकम्प गएको एक वर्षसम्म पनि जाजरकोट, रुकुम पश्चिम र सल्यानका पीडितहरुले अस्थायी आवास बनाउन सकेका छैनन् । सरकारको नीति फितलो र आर्थिक अवस्था कमजोर हुँदा भूकम्प पीडित एक वर्षदेखि पालमै छन् ।

> एक वर्ष कष्टकर जीवन बितायौं । अब फेरि चिसो बढ्न थालेको छ, यो वर्षको चिसो कसरी कटाउने भन्ने पिर छ ।
>
> **हर्क पुन**
> **स्थानीय, आठविसकोट नगरपालिका १४, रुकुम पश्चिम**



**भावना पाठक / मध्यान्ह**
काठमाडौं, १९ कात्तिक ।

जाजरकोट केन्द्रविन्दु भएर भूकम्प गएको एक वर्ष बित्यो । तर उक्त कैयन भूकम्प पीडित अझै पालमै छन । भूकम्प गएको एक वर्षसम्म पनि रुकुमपश्चिम र सल्यानका पीडितहरुले अस्थायी आवास बनाउन नसकेका हुन् । सरकारको नीति फितलो र आर्थिक अवस्था कमजोर हुँदा भूकम्प पीडित एक वर्षदेखि पालमै जीवन बिताउन बाध्य भएका हुन् ।

गतवर्ष कात्तिक १७ गते राति ११ बजेर ४७ मिनेमा ६.४ रेक्टर स्केलको भूकम्प गएको थियो । उक्त भूकम्प र त्यसपछिका परकम्पले जाजरकोट, रुकुमपश्चिम र सल्यानका बिभिन्न क्षेत्र प्रभावित भएका थिए । जाजरकोट भूकम्पमा परेर १५३ जनाले ज्यान गुमाएका थिए । ३६४ जना भन्दा बढी घाइते भएका थिए । थुप्रै नागरिक गाँस, बास, कापास बिहिन बन्न पुगेका थिए ।

रुकुम पश्चिमको आठविसकोट नगरपालिका-१४ का हर्क पुन घरविहीन भएको एक वर्ष बितेको सम्झन्छन् । एक हिउँद र एक बर्खा टिनको टहरामा कटाएका उनलाई यो वर्षको चिसो पनि टिनकै टहरामै कटाउनुपर्ने चिन्ता छ । भूकम्पले घर भत्काइदिएपछि केही दिन त्रिपालमुनि रहेको उनको परिवार हाल टिनको टहरामा छ ।

'एक वर्ष कष्टकर बितायौं । अब फेरि चिसो बढ्न थालेको छ, यो वर्षको चिसो कसरी कटाउने भन्ने पिर छ,' पुनले भने ।

भूकम्प गएको केही महिना त्रिपालमुनि र त्यसयता टहरामा बसिरहेका भूकम्प प्रभावित परिवार सुरक्षित आवासको आशमा छन् । चिसोमा त्रिपाल, गर्मीमा टिनको टहरामा बस्न बाध्य भूकम्प पीडितले अझै सुरक्षित आवास पाउन सकेका छैनन् ।

उनीहरूले सरकारबाट समयमै घर निर्माणका लागि सहयोग पाउन सकेनन् । यसकारण प्रभावित क्षेत्रमा बालबालिका र बुढापाकालाई कसरी बचाउने भन्ने पनि चिन्ता बढेको छ । गत वर्षझैं यो वर्ष पनि कतिले चिसोको कारण ज्यान गुमाउने भन्ने त्रास बढेको हो । सानीभेरी गाउँपालिका-४ का हीरालाल परियारका अनुसार एक वर्षमा पनि सरकारले पुनःनिर्माण कार्यविधि ल्याउन सकेको छैन । भूकम्प प्रभावित >>> पृष्ठ २ मा

## प्रस्तावित न्यायाधीशविरुद्ध भ्रष्टाचारको आरोप

प्रस्तावित न्यायाधीश नृपध्वज निरौलाविरुद्ध सर्वोच्च अदालतको भवन निर्माण प्रक्रियामा कमिसन लिएको, सर्वोच्च अदालतका लागि गाडी खरिद तथा भक्तपुर जिल्ला अदालतको भवन निर्माणमा अनियमितता गरेको आरोप लगाउँदै उजुरी परेको हो ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १९ कात्तिक ।

सर्वोच्च अदालतका लागि प्रस्तावित न्यायाधीशविरुद्ध भ्रष्टाचारको आरोप लागेको छ । सर्वोच्च अदालतका लागि प्रस्तावित न्यायाधीश नृपध्वज निरौलाविरुद्ध सर्वोच्च अदालतको भवन निर्माण प्रक्रियामा कमिसन लिएको, सर्वोच्च अदालतका लागि गाडी खरिद तथा भक्तपुर जिल्ला अदालतको भवन निर्माणमा अनियमितता गरेको आरोप लगाउँदै उजुरी परेको हो ।

संसदीय सुनुवाइ समितिले प्राप्त उजुरी समिति सदस्यहरूलाई वितरण गरेको छ ।

सुनुवाइ समितिले सर्वोच्च अदालतको न्यायाधीशमा प्रस्तावित निरौला र नित्यानन्द पाण्डेयविरूद्ध गत असोज १५ गते उजुरी आह्वान गरेको थियो । संसदीय सुनुवाइ समितिले यही कात्तिक २३ गते निरौला र पाण्डेयको सुनुवाइ गर्दैछ ।

निर्धारित समयभित्र पाण्डेयविरूद्ध कुनै उजुरी परेको छैन । निरौलाविरूद्ध दुइटा उजुरी परेको छ । जहाँ भ्रष्टाचारको आरोप लगाइएको हो ।

उजुरीमा भनिएको छ, 'यी नृपध्वज निरौला तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेरसँग मिलेर सर्वोच्च अदालत र अन्य अदालतका समेत भवन निर्माण प्रक्रियामा हस्तक्षेप गरी आफू अनुकूलका ठेक्कापट्टा मार्फत प्रशस्त कमिसन लिई धन आर्जन गर्न सफल भएको कुरा समेत न्यायिक वृत्तमा लामो समयसम्म चर्चाको विषय बनेको थियो ।'

अगाडि भनिएको छ, 'सर्वोच्चको भवन निर्माण, गाडी खरिद र अन्य सामान खरिदमा अनियमितता गरेको थाहा पाएपछि तत्कालीन प्रधानन्यायाधीश



दीपककुमार कार्कीले भ्रष्टाचारमा कारबाही अघि बढाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाउनु भएको थियो। तर सर्वोच्च अदालतकै केही न्यायाधीशहरू प्रयोग गरेर स्वतन्त्र न्यायालयमा हस्तक्षेप भयो भनी फूल कोर्टमा छलफल गराई उक्त कारबाहीलाई निस्तेज पार्न उहाँ सफल हुनुभयो ।'

सर्वोच्च अदालतले भवन निर्माणाधीन अवस्थामा छ । पाँच अर्ब ८९ करोड ३८ लाखको लागत अनुमान स्वीकृत गरेर नयाँ भवन निर्माणको ठेक्का लगाएको थियो । त्यसमा अनियमितताको आरोप लगाइएको हो ।

उजुरीमा उल्लेख भएअनुसार महालेखाको प्रतिवेदनमा समेत उक्त ठेक्कामा ७० करोड बेरुजु देखिएको उल्लेख छ ।

अर्को उजुरीमा न्याय परिषद्को सचिव भएका बेला निरौलाले विधि, प्रक्रिया र कानुनको कुनै ख्याल नगरी बहालवाला प्रधानन्यायाधीशको जन्म मितिको सम्बन्धमा आफै निर्णय गरेको उल्लेख छ ।

निरौलाले तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीले २०७५ वैशाख १६ गते अवकाश पाउने निर्णय गरेका थिए । पराजुलीको जन्म मितिलाई लिएर लामो समयदेखि विवाद भएको थियो ।

उजुरीमा निरौला भन्दा पहिला सर्वोच्च अदालतको मुख्य रजिस्ट्रारमा नियुक्त भएका राजनप्रसाद भट्टराई भन्दा पहिला कसरीसर्वोच्चको प्रधानन्यायाधीशका लागि सिफारिस भए भन्ने प्रश्न समेत उठाएका छन् ।

निरौलाविद्ध अर्को उजुरी पनि छ । जहाँ उच्च अदालतको न्यायाधीश भएका बेला निरौलाले आफ्नो लेनदेनको मुद्दामा हेर्न नमिल्ने मुद्दा हेरेको र झगडियासँग भेटेको आरोप लगाईएको >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगारमा बिनाधितोको ऋण कति सफल ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ कात्तिक

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारलाई बैंकमार्फत बिनाधितो ऋण दिने कार्यविधि बनाउँदैछ । दशैंअघि त्यससम्बन्धी मस्यौदा बनाएको मन्त्रालयले तिहारलगत्तै निजी क्षेत्रका बैंकलगायत सरोकारवाला पक्षसँग विस्तृत छलफल चलाउने योजना बनाएको छ ।

आर्थिक वर्ष २०८१/०८२ को बजेट र चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत वैदेशिक रोजगारीमा जाने कामदारलाई बैंकमार्फत बिनाधितो ऋण दिने योजना सार्वजनिक भएको थियो । उक्त योजना सफल भएमा ३६ देखि ६० प्रतिशतसम्मको मिटरब्याजको ऋण लिएर वैदेशिक रोजगारमा जाने विपन्न अवस्थाका कामदारलाई ठूलो राहत मिल्ने छ । तर यससँगै फ्रि भिसा फ्रि टिकट नीति कार्यान्वयन गरिरहेको सरकारले वैदेशिक रोजगारमा जाने कामदारलाई किन ऋणको प्रबन्ध गरेको ? भन्ने प्रश्न पनि उत्तिकै पेचिलोरुपमा खडा हुनेछ ।

वैदेशिक रोजगारीमा जाने कामदारलाई बैंकमार्फत बिनाधितो ऋण दिने विषय नारामा >>> पृष्ठ २ मा

### जनप्रतिनिधि नै रोजगारीको खोजीमा विदेश पलायन

**पूर्ण तामाङ / मध्यान्ह**
दुबई, यूएई, १९ कात्तिक

आफ्नो गाउँ, ठाउँ र वडाका युवाहरुलाई रोजगारीको सिर्जना गर्छौं भन्दै चुनावमा नारा दिएर भोट मागेर जितेका जनप्रतिनिधि नै आफूलाई बेरोजगार महसुस गर्दै वैदेशिक रोजगारीको खोजीमा विदेश पलायन हुन बाध्य हुन्छन्



भने यसलाई के भन्ने ? अहिले नुवाकोटको तारकेश्वरमा यो प्रश्नले चर्चा पाएको छ । >>> पृष्ठ २ मा

### वैदेशिक रोजगारी ठगीका दुई आरोपी कम्बोडियाबाट पक्राउ

**काठमाडौं / मस**– आकर्षक तलबसहितको वैदेशिक रोजगारीमा सिंगापुर पठाइदिने प्रलोभन देखाएर ठगी गरिरहेका फरार दुई जनालाई पक्राउ गरिएको छ ।

इन्टरपोलको रेड नोटिस जारी भएका सिन्धुपाल्चोक मांखाकी विनु शाक्य र उदयपुर त्रियुगाका सुजन आचार्य इन्टरपोल प्रहरीको सहयोगमा कम्बोडियामा पक्राउ परेका हुन् । गत असोज १ मा पक्राउ परेका दुवै जनालाई कानूनी प्रक्रिया पूरा गरी कात्तिक ९ गते नेपाल ल्याइएको प्रहरीले बताएको छ ।

उनीहरूविरुद्ध गत माघ १९ गते इन्टरपोलले रेड नोटिस >>> पृष्ठ २ मा

## मानव बेचबिखनविरुद्ध सक्रिय सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार मानव बेचबिखन तथा ओसारप्रसार पीडित/प्रभावित भएका ७७ जना महिला स्वदेश फिर्ती पारिवारिक पुनर्मिलन तथा पुन:स्थापना गरिएको छ ।



> मानव बेचबिखन तथा ओसारपसार प्रभावितको स्वदेश फिर्तीसँगै आवश्यक ऐन संशोधनको गृहकार्य अगाडि बढाइएको छ । मानव बेचबिखन ऐन, २०६४ संशोधन मस्यौदा मन्त्रिपरिषद्मा पेस गरिएको छ ।
>
> **दिनेश भट्टराई**
> **सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, १९ कात्तिक ।

मानव बेचबिखन तथा ओसारप्रसारविरुद्ध सरकार सक्रिय भएको छ । सरकारले सक्रियता बढाएसँगै मानव बेचबिखन तथा ओसारप्रसार प्रभावित महिलाको स्वदेश फिर्ती संख्या बढेको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार पछिल्लो समय मानव बेचबिखन तथा ओसारप्रसारा पीडित/प्रभावित भएका ७७ जना महिला स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना गरिएको छ ।

सरकारले मानव बेचबिखन तथा ओसारप्रसार प्रभावितको स्वदेश फिर्तीसँगै आवश्यक ऐन संशोधनको गृहकार्य अगाडि बढाएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव दिनेश भट्टराईका अनुसार मानव बेचबिखन (नियन्त्रण) ऐन, २०६४ संशोधन विधेयकको मस्यौदा मन्त्रिपरिषदमा पेस गरिएको छ । मन्त्रालयले मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति, २०८१ को मस्यौदासमेत तयार गरेको छ ।

सचिव भन्छन्, 'मानव बेचबिखन तथा ओसारप्रसार प्रभावितको स्वदेश फिर्तीसँगै आवश्यक ऐन संशोधनको गृहकार्य अगाडि बढाइएको छ । मानव बेचबिखन ऐन, २०६४ संशोधन मस्यौदा मन्त्रिपरिषदमा पेस गरिएको छ ।' मानव बेचबिखन तथा >>> पृष्ठ २ मा

# पर्यटन प्रवर्द्धन गर्न प्रमुख पर्यटकीय स्थलमा मन्त्रिपरिषद्का बैठक राख्छौं : मुख्यमन्त्री आचार्य

**सरु भुसाल/मध्यान्ह**
बुटवल, १९ कात्तिक



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशभित्रका प्रमुख पर्यटकीय स्थलहरुको प्रवर्द्धन गर्न मन्त्रिपरिषद्का बैठक राख्ने योजना रहेको बताएका छन्। सोमबार लुम्बिनी केबलकारको अवलोकन गर्दै मुख्यमन्त्री आचार्यले मन्त्रिपरिषद् बैठकहरु प्रदेशका धार्मिक तथा पर्यटकीय स्थलमा राख्ने गरी सरकारले योजना बनाएको बताएका हुन्।

'पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर लुम्बिनी केबलकारको बसन्तपुर, पाल्पाको रानीमहल, प्यूठानको स्वर्गद्वारीलगायतका महत्वपूर्ण स्थलहरुमा घुम्तीरुपमा मन्त्रिपरिषद्का बैठकहरु राख्ने योजनामा छौं,' मुख्यमन्त्री आचार्यले भने, 'यस प्रकारको बैठकले पर्यटन क्षेत्रमा सबैको ध्यान केन्द्रित हुने छ।'

प्रदेशको समृद्धिको मुख्य आधार पर्यटन, कृषि र उद्योग भएको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले रुपन्देही, कपिलवस्तु र नवलपरासीलाई बुद्ध सर्किट र १२ वटै जिल्लालाई समेटेर लुम्बिनी सर्किटका रुपमा विकास गर्ने योजनामा रहेको मुख्यमन्त्री आचार्यले बताए ।

निजी लगानीमा बुटवलमा बनेका लुम्बिनी र सिद्धार्थ केबलकारको दिगो सञ्चालनका लागि भारतीय पर्यटक भित्र्याउन आवश्यक रहेकोमा मुख्यमन्त्री आचार्यले जोड दिए । भारतीय पर्यटक भित्र्याउन प्रदेश सरकारले भारतको उत्तर प्रदेश र बिहार प्रदेश सरकारसँग समन्वय गरेर विशेष योजना बनाइरहेको मुख्यमन्त्री आचार्यले जानकारी गराए । प्रदेशको समृद्धिमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका हुने उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले निजी क्षेत्रसँग हातेमालो गर्न सरकार सधैं तत्पर रहेको बताए ।

केबलकार अवलोकनसँगै मुख्यमन्त्री आचार्यले बसन्तपुरमा रहेको प्रख्यात शक्तिपीठ कामाख्यादेवी मन्दिर दर्शनसमेत गरेका थिए ।

सो अवसरमा केबलकारका प्रबन्धक प्रज्ज्वल घिमिरेले केबलकार सञ्चालनमा आएको १७ महिनामा ३ लाख पर्यटक भित्रिएको जानकारी गराउँदै भारतीय पर्यटकलाई सहजरुपमा नेपाल आउने वातावरण सरकारले बनाउनुपर्ने माग राखे । भारतीय पर्यटकलाई सम्मानजनक व्यवहार, सडकमा अनावश्यक चेकजाँच नगर्न र चाहेजति रकम बोक्न र खर्च गर्न पाउने नीतिगत व्यवस्था गर्न घिमिरेले आग्रह गरे ।

२०८० जेठ १५ देखि व्यावसायिकरूपमा सञ्चालनमा आएको लुम्बिनी केबलकारमा १७ महिनामा आन्तरिक र बाह्य गरी ३ लाख १५ हजार ९१६ जना पर्यटक लुम्बिनी केबलकार चढेर बसन्तपुर पुगेको जानकारी गराए ।

अस्ट्रियाको विश्व विख्यात डुपलमायर कम्पनीबाट बनेको लुम्बिनी केबलकार २ किलोमिटर ६ सय मिटर लामो रहेको छ। २५ वटा गोन्डला रहेको केबलकारले दैनिक ६ हजार पर्यटक आवतजावत गराउन सक्छ ।

विश्वका विभिन्न देशमा सय वर्षदेखि १५ हजार बढी संख्यामा सञ्चालनमा रहेको यो केबलकारको प्रविधि विश्वमै अत्याधुनिक र सुरक्षित रहेको अपरेसन म्यानेजर डीएन कायस्थ सैंजूले बताए ।

केबलकार सञ्चालनमा आएपछि प्रदेश सरकारको पर्यटन विकास परिषद्ले बसन्तपुरलाई प्रमुख पर्यटकीय थलोको सूचीमा सूचीकृत गरेको छ ।

कामख्या देवीको दर्शनले मनोकामना पूरा हुने धार्मिक विश्वासका कारण नेपाल र भारतका विभिन्न शहरबाट भक्तजनहरू उल्लेख्य संख्यामा आउने गरेको मन्दिरका मूल पुजारी सुरेश पौडेलले बताए ।

बसन्तपुरमा दुई वर्षभित्र साढे तीन अर्ब लगानीमा एक सय ५० कोठा, एक हजार जना क्षमताको बैंक्वेट हल र क्यासिनोसहित पाँचतारे होटेल बनाउने प्रक्रियासमेत अघि बढेको छ ।

# कानूनविपरीत चन्दा उठाउनेमाथि कारबाही गर्दै पचरौता नगरप्रमुख जैसवार

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ कात्तिक



बाराको पचरौता नगरपालिकामा परापूर्वकालदेखि लाग्दै आएको महाबिरी झण्डा मेलाको विवाद चर्कंदै गएको छ। पचरौता नगरपालिका-७ बेनौली गाउँमा परापूर्वकालदेखि लाग्दै आएको महाबिरी झण्डा मेलाका लागि तीन वटा मेला समिति गठन भएपछि विवाद चर्किएको हो ।

पचरौता नगरपालिकाका प्रमुख जलन्धर सिंह जैसवारले मेला लगाउने नाममा विभिन्न समूहहरुले बलजफ्ती चन्दा उठाउने काम गरिरहेकाले तत्काल रोक्न आग्रह गर्दै चन्दा उठाउनेमाथि कारबाही गर्ने चेतावनी दिएका छन् । हरेक वर्ष छठ पर्वको समापनसँगै शुरु हुने मेलामा गत वर्ष निकै विवाद भएको थियो । प्रहरीले दर्जनौं राउण्ड गोली चलाउनु परेको थियो । विगतदेखि मेला लाग्दै आएको भए पनि केही वर्षदेखि मेलामा विवाद हुँदै आएको छ । मेलामा हुने विवादलाई रोक्न वडा कार्यालयको पहलमा नगरपालिकाले मेला समिति निर्माण गरेपछि झन् विवाद चर्किएको हो ।

मेलाका लागि नगरपालिकाको नगरसभा तथा बोर्ड बैठकले पाँच लाख रुपैयाँ छुट्याएर मेला लगाउनका लागि समितिलाई कार्यादेश दिइसकेको छ । केही मानिसले आफ्नो स्वार्थ पूरा नहुने देखेपछि अदालतबाट मेला लगाउन नै रोक लगाउनुपर्ने माग गर्दै मुद्दा दायर गरेका थिए । अदालतले तत्कालका लागि मेला लगाउन रोक लगाउन मिल्ने कारण नदेखिएको आदेश दिइसकेको छ ।

मेला लाग्नेको स्थानको विषयमा पनि विवाद उठेको छ । नगरपालिकाले महाबिरी झण्डा तथा ब्रह्मबाबा पुजन कार्य मेला स्थानीय विद्यालयमा हुँदै आएकोमा नगरपालिकाले नजिकै रहेको पोखरीको ठूलो डिललाई स्थान तोकेको छ । पोखरीको डिलमा मेला सारिएपछि कतिपयले पहिले लाग्दै आएको विद्यालयमा नै मेला लाग्नुपर्ने भन्दै मेला समिति गठन गरेका छन् । विद्यालयको चौरमा मेला लगाउन उचित नहुने भन्दै अर्को समूहले विद्यालय बाहिर मेला लगाउने भन्दै तेस्रो मेला समिति पनि गठन गरेका छन् । विद्यालयभित्र र विद्यालय बाहिर मेला लगाउने भन्दै आफूखुशी मेला समिति गठन गरेका समूहहरुले स्थानीयसित चन्दा असुल गरिरहेको नगर प्रमुख जैसवारको भनाइ छ ।

मेला लगाउन, नाच, जात्रा गराउन तथा मदिरा बिक्रीका साथै जुवाबाट रकम असुल गर्न केही मानिसले महाबिरी मेलालाई बदनाम गराउन चाहेको नगर प्रमुख जैसवारको भनाइ छ ।

नगर प्रमुख जैसवारले सोमबार पत्रकार सम्मेलन गरी मेला सभ्य र भव्यरुपमा आयोजना गर्नका लागि सहयोग गर्न स्थानीयहरुलाई आग्रह गरेका छन् । मेलामा कुनै किसिमको विकृति हुन नदिनका लागि र नगरपालिकाले तोकेको ठाउँसँगै अन्यत्र सोही मितिमा मेला आयोजना गर्न दिंदा झैझगडा हुने भएकाले अन्यत्र मेला आयोजना हुन नदिन नगर प्रमुखले माग गरेका छन् ।

नगर प्रमुख जैसवारले शान्ति सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला प्रहरी कार्यालय बारासँग तीन सय प्रहरी माग गरिएको बताउँदै नगर प्रहरी तथा स्वयंसेवकहरु पनि मेलाको व्यवस्थापन तथा शान्ति सुरक्षाका लागि परिचालन गरिने बताए । नगरपालिकाले तोकेको ठाउँभन्दा अन्यत्र मेला लाग्न नहुने र सम्बन्धित निकायले पनि ध्यान दिनुपर्ने जैसवारको तर्क रहेको छ ।

यता सोही नगरपालिका वडा नं ४ का वडा अध्यक्ष एवम् नगर प्रवक्ता लक्ष्मी यादवले वडाको अनुमति बिना कुनै किसिमको मेला, नाटक, झाँकी, नाच गर्न नहुनेमा जोड दिए । सो अवसरमा वडा नम्बर ७ का वडा अध्यक्ष बनारसी बिन, शिक्षा सहायक प्रमुख मुकेश कुमार सिंह, भैयाराम यादवलगायतको उपस्थिति रहेको थियो ।

# मौलिकता हराएको देउसी भैलो



**रोल्पा/मस-** पछिल्लो समय देउसी भैलो खेल्ने चलन फेरिँदै गएको छ । केही वर्ष पहिलेको देउसी भैलो र अहिलेको देउसी भैलोमा धेरै भिन्नता पाउन थालिएको छ। आजकलको देउसी भैलोमा झ्याली, मादल र बाँसुरी देख्न पाइँदैन । पछिल्लो समय परम्परागत बाजा मात्रै होइन पुरानो संस्कृति समेत ओझेलमा पर्दै गएको महसुस हुन थालेको परिवर्तन गाउँपालिका-६ का ८६ वर्षीय मनबहादुर बुढाले बताए । उनी भन्छन् 'पहिले तिहार आउँदा गाउँघरमा भएका बुढापाका मिलेर देउसी भैलो खेल्ने गर्थ्यौं, तिहार आएजस्तो हुन्थ्यो, आज भोलि त पहिलेको जस्तो झ्याली मादल, डमरु बजाएर देउसी भैलो खेल्न छोडे ।'

परम्परागत संस्कृतिलाई भुल्दै गएको आफूले महसुस गरेको बुढाले बताए । 'अहिले स्पिकरमा बजारमा आएका गीतमा ४/५ मिनेट नाचे गए, हामी बुढापाकालाई पहिलेको तिहार सम्झिदा त आज भोलीको तिहार निकै फरक लाग्छ, आज भोलीका युवायुवतीहरु आधुनिक परिवेशमा हुर्केर पनि होला पुरानो संस्कृति भुल्दै गएका छन्', उनले भने ।

पुराना संस्कृति र परम्परालाई जोगाउन सबैले आफ्नो ठाउँबाट पहल गर्नुपर्नेमा कसैको ध्यान जान नसकेको उनको भनाइ छ । पहिलेका तिहारमा देउसी भैलो खेल्दा नाच्न मन लाग्नेमा साउन्ड सिस्टमबाट बजारमा आएका गीतमा हामीलाई नाच्न नआउने उनले बताए ।

'आहै भन भन भाइ हो देउसिरे ! आहै राम्ररी भन देउसिरे ! यस्तै मिठा मिठा शब्द मिसाएर गरेर भट्याएको र भट्याउँथ्यौं भने गीत पनि हामी आफैले तयार गर्दथ्यौं', उनले भने, 'पहिले त हाम्रो पालामा मुखले यसरी नै भट्याएर देउसी भैलो खेलिन्थ्यो, अब मुखले भट्याउने दु:ख कसैले गर्दैनन्, एउटा डेक बोक्यो हिँड्यो नाच सकियो, कलाकारहरुले भट्याएकोलाई बजाइदियो र आफूहरुले ताली पटकाएर देउसिरे, भैलीरे भन्यो पुग्यो।' आजकलको देउसी भैलोमा कला संस्कृति जोगाउने भन्दा पनि कसले कति कमाउने भन्ने प्रतिस्पर्धा हुन बुढाले बताउँछन् ।

'हामी त दश/बिस रुपैयाँ दिन्थे र त्यहीँ लिएर खुसी हुन्थ्यौं, साथीभाइ छरछिमेक जम्मा भएर रमाइलो गर्ने चलन थियो, आज भोली त त्यस्तो देखिदैन्', उनले भने, 'अहिले त धेरै पाँच सय देखि तीन हजार पैंतिस सय बराबर रुपैयाँ दिएको देखिन्छ, कसैले केही सामाजिक काम गरेको देखिँदैन ।' मौलिकतालाई जोगाइ राख्न पछिल्लो पुस्ताले यसमा जोड दिनुपर्ने उनको ठम्याइ छ । मौलिकता बचाउँदा देउसी भैलोमा मादल, डमरु, बाँसुरी लगायतका सामग्री प्रयोग हुने र ती सामग्री बनाउने व्यवसायको पनि प्रवर्द्धन हुने उनले बताए ।

परम्परागत संस्कृति बिर्सिदै जाने हो भने पछि आउने पुस्तालाई यसको कुनै पनि महत्व नहुने र परम्परागत संस्कृति मासिने भएकोले परम्परागत संस्कृतिलाई जोगाउन र यसको प्रवर्द्धन गर्न गाउँ समाजका साथै स्थानीय सरकारले पनि चासो दिनुपर्ने स्थानीयहरुको बुझाइ छ ।

# छठ घाटलाई दुलहीझैं सजाइँदै



**जलेश्वर/मस-** छठ पर्व मनाउन तीन दिनमात्रै बाँकी रहँदा महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलका गाउँगाउँमा छठपूजाका छठ घाट दुलहीझैँ सजाउने काम भइरहेको छ। यहाँ प्रमुख चाडका रूपमा मनाइने छठका लागि विभिन्न पोखरी, नदी र तलाउमा बनाइएका मन्दिर र घाटलाई विभिन्न वस्तुले दुलहीझैँ सजाउने काम तीव्र रूपमा भइरहेको हो ।

मिथिलाञ्चलभर एउटै पोखरी तथा नदी तलाउमा धेरै व्यक्तिले छठ पर्व मनाउने चलन रहेकाले १५।२० दिन पहिलेदेखि नै छठ घाटमा विभिन्न तयारी गरिन्छ। जलेश्वर नगरपालिका-५ निवासी संस्कृतिविद् ध्रुव रायले मिथिलाञ्चलमा धुमधामका साथ छठ मनाउनका लागि तयारी करिब अन्तिम चरणमा रहेको बताए ।

सूर्य भगवान तथा छठ माताको पूजा पानीमै हुने भएकाले मिथिलाञ्चलका जलाशय सरसफाई, घाट निर्माण, सडक, बाटो बनाउने काम सकेर अब घाटमा पंडाल निर्माण, बिजुलीबत्ती जडान, तोरन झुण्ड्याउनेलगायत काम जोडतोडका साथभइरहेका जलेश्वर नगरपालिका-८ का वडा अध्यक्ष विजयकुमार सिंहले जानकारी दिए ।

जलेश्वर नगरपालिका प्रमुख सुरेश साह सोनारले स्थानीयस्तरमा रहेका सबैजसो जलाशयमा एक महिना पहिलेदेखि नै सरसफाई, मर्मतसम्भार, मन्दिर निर्माण गरी छठको तयारी शुरु हुने बताए । उनले यसका लागि जलेश्वर नगरपालिकाभित्र रहेका प्रमुख जलाशय वरुण सरोवर, परिक्रमा पोखरी, पाठक पोखरी, चौधरी पोखरी, अस्पताल पोखरी, मिश्रपोखरी, भारी पोखरी, सारी पोखरी, सुगापोखरी, पिगौना पोखरी, बखरीघाटलगायत घाट सिङ्गार्ने काम भइरहेको बताए ।

# देउसी भैलोमा रमाए सेसेल्सका नेपाली

**अनिल बानिया/मध्यान्ह**
सेसेल्स आइल्याण्ड, १९ कात्तिक



नेपालीहरुको दोस्रो ठूलो पर्वको रुपमा तिहारलाई लिइन्छ। प्रवासमा रहेका कतिपय नेपाली कामको प्रकृति र विविध कारणले चाडपर्व मनाउन नपाउँदा निराश हुन्छन्। तर यसपटक गैरआवासीय नेपाली संघ (एनआरएनए) समन्वय परिषद् सेसेल्सद्वारा आयोजित 'देउसी भैलो कार्यक्रम २०८१'को रौनक बेग्लै देखिएको थियो ।

एनआरएनए सेसेल्सका अध्यक्ष मनोज विकको सभापतित्वमा आयोजना गरिएको कार्यक्रमको प्रमुख अतिथि समाजसेवी युवा व्यावसायी कोमलराज पाण्डे, विशिष्ट अतिथिहरु आईसीसी सदस्य खेसना लिम्बू, संस्थाका प्रमुख सल्लाहकार दुर्गाबहादुर थापा, सल्लाहकार प्रेम चन्द, कमानसिंह कार्की, संरक्षक रामचन्द्र राई, समाजसेवी एवम् एडभाइजर धरमविर शर्मा, स्टिभ ह्यान्स्लीलगायत रहेका थिए ।

संस्थाको अक्टोबर ५ र ६ तारिकमा सम्पन्न दशैं मेला २०८१ लाई सहयोग गर्ने संघसंस्था, कम्पनीका प्रमुखलगायतलाई सम्मान एवम् प्रशंसापत्रले अभिनन्दन गरिएको थियो । सम्मानित विभिन्न व्यक्तिहरुले आ-आफ्नो धारणा राख्दै एनआरएनए सेसेल्सको रचनात्मक कार्यको प्रशंसा गरेका थिए ।

कार्यक्रमको दोस्रो खण्डमा नेपाली मौलिक परिकारसहित सेलरोटी, अचारलगायतका खानाको स्वाद लिइएको थियो । नेपाली मौलिक परिकार सेसेल्समा रहेका स्थानीयहरुलाई समेत मन परेको थियो । सो अवसरमा सामूहिक देउसी भैलो खेल्दै संस्थालाई आगामी दिनमा अझै सक्दो साथ सहयोग गर्न सबैलाई आह्वान गरिएको थियो । कार्यक्रमको सहजीकरण सचिव ठगेन्द्र बुढामगरले गरेका थिए ।

---

## जाजरकोट...

घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० तयार गरेर टहरा निर्माणका लागि तत्कालै प्रतिपरिवार ५० हजार अनुदान व्यवस्था गर्ने जनाएको थियो । तर उक्त रकम पूरा नदिएको भूकम्प पीडितको गुनासो छ ।

तत्काल त्रिपाल र त्यसपछि अस्थायी आवासको प्रबन्ध भएपनि पुनःनिर्माण हुन नसकेको सानीभेरी गाउँपालिका-४ का वडा अध्यक्ष मनोज बुढाथोकीले बताए । संघीय सरकारले पुनःनिर्माणका लागि कार्यविधि ल्याउन नसकेकाले भूकम्प पीडितको आवास निर्माण ढिलाइ भएको उनको भनाइ छ।

गृहमन्त्रालयको तथ्यांक अनुसार जारकोट भूकम्पमा परेर २६ हजार घरहरू पूर्ण रुपमा र ३५ हजार भन्दा बढी घरहरूमा आशिंक क्षति पुगेको थियो। विद्यालय भवनहरू, ऐतिहासिक, सांस्कृतिक, धार्मिक एवं पुरातात्विक महत्वका धरोहरहरू समेत ध्वस्त भएका थिए । तर, अहिलेसम्म निजी र सार्वजनिक घर तथा भवनहरूको पुननिर्माणको सुरसार छैन ।

राष्ट्रियसभा अन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले हालै भूकम्प प्रभावित क्षेत्रको अवस्थाबारे स्थलगत अध्ययन गरेको छ । समितिको अध्ययन प्रतिवेदनले अस्थायी आवासका लागि पाउने भनिएको ५० हजारमध्ये दोस्रो किस्ताको २५ हजार रुपैयाँ पनि वितरण हुन नसकेको देखाएको छ । संसदीय समितिले भूकम्प प्रभावितको पुनःनिर्माण र पुनःस्थापना यथाशक्य चाँडो पूरा गर्न सरकारलाई सुझाव दिइएको छ ।

## प्रस्तावित...

छ । उजुरीमा भनिएको छ, 'आफूले नै नियुक्ति गरेको कर्मचारीको (सनम ढकाल) आमाको मुद्दा हेर्न नमिल्नेमा, हेरी पूर्व इजलासको हदम्याद छैन भन्ने पूर्व आदेशको विपरीतमा सुरू ललितपुर जिल्ला अदालतको खारेजी फैसलाहरूलाई बदर गरी मुद्दामा हदम्याद कायम गरी भनसुनमा अनुचित प्रभावमा परि फैसला गरेको... ।'

उजुरीकर्ताले २०८१ साल भदौ १४ गते मुद्दाको पेशी भएकै दिन अदालतका कर्मचारी सनम ढकालले इजलासमा बहस सकिएपछि न्यायाधीशहरूको चेम्बरमा पसेर बेलुकी साढे ६ बजे मात्र बाहिर निस्केको र त्यसपछि आफ्नो लेनदेनको मुद्दाको सुरू फैसला बदर भएको आरोप उजुरीकर्ताले लगाएका छन् ।

## वैदेशिक...

आकर्षक छ। त्यसैले यो लोकप्रिय, तर कार्यान्वयनमा उत्तिकै जटिल र पेचिलो रहेकाले अनेक अन्तरविरोध देखिने कतिपयको बुझाइ छ ।

वैदेशिक रोजगारीमा जाने कामदारलाई बिनाधितो ऋण दिने प्रबन्ध नेपाली परिवेशमा नयाँ होइन । तर कार्यान्वयनमा नजाँदै जटिलताको सामना गर्नुपर्ने भएकाले हाल कार्यविधिको तयारीमा रहेको श्रम मन्त्रालय बढी गम्भीर हुनुपर्ने उनीहरुको सुझाव छ। बजेटमा पटक-पटक वैदेशिक रोजगारीमा जानुअघि कामदारले अनिवार्यरुपमा बैंक खाता खोल्नुपर्ने व्यवस्था गरे पनि त्यो अझैसम्म प्रभावकारी हुन सकेको छैन।

बैंक खाताको अभावमा रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत दक्षिण कोरिया जाने कामदारले नेपाल पठाउने रेमिट्यान्समध्ये ९० प्रतिशतभन्दा बढी रकम अवैध बाटो हुण्डीबाट भित्रिने गरेको नेपाल राष्ट्र बैंककै एक अध्ययनले देखाएको छ । यस्तो अवस्थामा बिनाधितो ऋण उपलब्ध गराउने विषयमा धेरै गृहकार्य हुनुपर्ने देखिएको छ ।

वैदेशिक रोजगारमा रहेको जनसंख्या वर्षेनी बढ्ने र नेपालमा हुने निर्वाचनमा उनीहरु निर्णायक हुन थालेपछि श्रम मन्त्रालय आकर्षक कार्यक्रम ल्याउन बाध्य भएको जस्तो देखिएको छ । यसअघि कामदारको रकमबाट श्रम बैंक स्थापना गर्ने वैदेशिक रोजगार बोर्डको तयारी बीचमै अलपत्र पऱ्यो । बोर्डका तत्कालीन कार्यकारी निर्देशक रघुराज काफ्लेको कार्यकालमा वैदेशिक रोजगारमा जाने कामदारलाई सहुलियतपूर्ण ऋण, शिक्षा, स्वास्थ्य, निवृत्तिभरण, बिमाजस्ता विभिन्न सुविधा र सहयोग दिने उद्देश्यसहित श्रम बैंक स्थापना गर्ने भनि लामो अध्ययन भइ बैंक स्थापनाको प्रस्ताव ल्याइएको थियो। तर त्यो हालसम्म कार्यान्वयनमा आएको छैन ।

बैंकको न्यूनतम चुक्ता पुँजी पाँच अर्ब रहने र सरकारको ५१ प्रतिशत शेयर, कामदारको ३० प्रतिशत, बोर्डको पाँच प्रतिशत र वैदेशिक तथा स्वदेशी रोजगारी दिने कार्यमा संलग्न नेपाली संघसंस्था र गैरआवासीय नेपालीको १४ प्रतिशत शेयर रहने आकर्षक प्रस्ताव बोर्डको लगानीमा तयार गरिएको थियो । तर श्रम बैंक स्थापना भएमा हाल सञ्चालनमा रहेका विप्रेषण कम्पनी र अन्य बैंकको आय घट्ने भएकाले उनीहरुले त्यसलाई अघि बढ्न दिएनन्। मन्त्रालयको तत्कालीन नेतृत्व निरिह बन्यो । अनिवार्य सामाजिक सुरक्षा पनि वैदेशिक रोजगारमा जाने कामदार असन्तुष्टि जन्माउने कार्यक्रमका रुपमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम मन्त्रालयको अर्को असफल कार्यक्रमका रुपमा स्थापित भएको छ ।

यस पटक महँगो ब्याजदरमा ऋण लिएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता अन्त्य गर्न बैंकमार्फत बिनाधितो ऋणको व्यवस्था गर्न लागेको श्रममन्त्री शरतसिंह भण्डारीले पटक-पटक बताएका छन्। उनले वैदेशिक रोजगारमा जाने कामदारलाई बैंकहरुसँग सम्झौता गरेर बिनाधितो ऋण उपलब्ध गराउने विषय जटिल नभएको बताएका छन् ।

तयार पारिएको मस्यौदा बैंकले दिने ऋण श्रमिकको खातामा नभइ सिधै म्यानपावर व्यवसायीलाई पठाउने गरी बैंकबाट बिनाधितो ऋण प्रदान गरिने प्रस्ताव छ । ऋण लिएर विदेश जाने कामदारले बैंकमार्फत परिवारलाई पैसा पठाउने, ऋणको किस्ता र सामाजिक सुरक्षा कोषमा मासिकरुपमा योगदान गर्नुपर्ने शुल्कसमेत सोही खाताबाट काटिने छ। वैदेशिक रोजगारीमा जाने कामदारको पासपोर्ट बनाउन, मेडिकल गर्न, विभिन्न तोकिएका शुल्क तिर्न, हवाई टिकट काट्न र म्यानपावर व्यवसायीलाई सेवा शुल्क तिर्न गरेको खर्चका आधारमा ऋण दिने व्यवस्था मस्यौदामा गरिएको बताइएको छ ।

मन्त्रालयले मलेसियासहित ६ वटा खाडी मुलुकले श्रमिकलाई फ्रि भिसा फ्रि टिकटमा नै पठाउनुपर्ने नीति लिएको छ। ती देशमा फ्रि भिसा र फ्रि टिकटको नीतिका कारण ठूलो अंकमा ऋण उपलब्ध गराउन नसकिने बाध्यता रहेको मन्त्रालयका एक उपसचिव बताउँछन्। वैदेशिक रोजगार व्यवसायीहरु पनि लागत निर्धारण नगरी ऋणको प्रबन्ध सफल हुन गाह्रो पर्ने बताउँछन् ।

## जनप्रतिनिधि...

नेपालमा बढ्दो बेरोजगारी र अवसरको अभावले गर्दा स्थानीय जनप्रतिनिधिहरुसमेत विदेश जान बाध्य भइरहेका छन् । हालै नुवाकोटका एक जनप्रतिनिधि विदेश पलायन भएका छन्। नुवाकोटको तारकेश्वर गाउँपालिका-५ का वडा सदस्य चन्द्र बहादुर तामाङ रोजगारीको सिलसिलामा यूएई आएका हुन् । गत स्थानीय चुनावमा नेपाली कांग्रेसको तर्फबाट वडा सदस्यमा निर्वाचित तामाङले विदेश जानुको कारण रोजगारी र आर्थिक सुरक्षाको कमी रहेको मध्यान्हलाई बताए ।

देशभर युवा पुस्ता रोजगारीको खोजीमा विदेश पलायन भइरहेको अवस्थामा वडा सदस्य समेत विदेश जानु परेको घटना थप चिन्ताजनक बनेको छ । 'हामीले विदेश गएर काम गर्नुपर्ने अवस्था छ भने हामीलाई नेतृत्व गर्ने जनप्रतिनिधिहरुले पनि त्यही बाटो रोज्नु परेपछि यो समस्याको जरा कति गहिरो छ भन्ने बुझ्न सकिन्छ,' तारेकेश्वरका एक युवा मंगल तामाङले भने ।

समाजशास्त्रीहरुका अनुसार देशमा अवसरको अभाव, अस्थिर राजनीतिक वातावरण र भ्रष्टाचारका कारण युवाहरु रोजगारीका लागि विदेश पलायन हुनु परेको हो ।

## वैदेशिक...

जारी गरेको थियो । उनीहरुविरुद्ध वैदेशिक रोजगारीमा सिंगापुर पठाइदिन्छु भन्दै ४० जनाभन्दा बढी युवायुवतीबाट ५ करोड २ लाख ९४ हजार रुपैयाँ ठगी गरेको मुद्दा रहेको प्रहरीले बताएको छ।

## मानव...

ओसारपसार पीडित/प्रभावित महिला तथा बालबालिकाको उद्धार, संरक्षण, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन तथा केन्द्र व्यवस्थापनका लागि सिन्धुपाल्चोक, काठमाडौं र सुर्खेतमा सञ्चालनमा रहेका तीनवटा पुनर्स्थापन केन्द्रलाई सञ्चालन तथा व्यवस्थापन खर्च शोधभर्ना भुक्तानीसमेत गरेको मन्त्रालयले जनाएको छ ।

आर्थिक वर्ष २०७१/०७२ देखि सञ्चालनमा रहेका यी केन्द्रबाट एक सय ४८ जनाले सेवा प्राप्त गरेको र चालु आवमा १८ जना महिला तथा किशोरीलाई सुरक्षित रूपमा पुनर्स्थापना केन्द्रबाट सेवा प्रवाह गरिएको जनाइएको छ ।

नेपालले मानव बेचबिखनलाई गम्भीर अपराधको रूपमा स्वीकार गरेको छ । यससम्बन्धी नेपालको विद्यमान 'कानुन मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४' ले मानव बेचबिखन तथा ओसारपसारलाई स्पष्ट परिभाषित गरेको छ ।

मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ सँगै वैदेशिक रोजगार ऐन २०६४, अध्यागमन ऐन २०४९, बाल श्रम (निषेध र नियन्त्रण) ऐन २०५६, श्रम ऐन २०७४, कानुनी सहायता ऐन २०५४ र पारस्परिक कानुनी सहायता ऐन २०१४ को प्रभावकारी कार्यान्वयनमा जोड दिँदै आएको छ ।

मानव बेचबिखनसँग जोडिएका राहदानी ऐन २०७४, संगठित अपराध निवारण ऐन २०७०, मुलुकी अपराध संहिता, २०७४, संगठित अपराध निवारण ऐन २०७०, कसुरजन्य सम्पति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० लगायतका कानुनको समेत प्रभावकारी कार्यान्वयन गर्न जोड दिइएको छ ।

नेपालको संविधान २०७२ ले मानव बेचबिखनलाई एक गम्भीर अपराधको रुपमा परिभाषित गरेको छ । मानव बेचबिखनविरुद्धका प्रावधानलाई मौलिक हक तथा राज्यका नीति अन्तर्गत राखिएको छ ।

## कुशवाहा समुदायको समृद्धि र प्रगतिका लागि विशेष सम्मान कार्यक्रम



प्रदिप सिंह/मध्यान्ह
लहान, १९ कात्तिक

सिरहाको गोलबजारस्थित कुशवाहा धर्मशालामा नेपाल कुशवाहा कल्याण समाज, जिल्ला कार्यसमितिले दिपावली तथा छठ पर्वको शुभकामना तथा सम्मान कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा समाजका विभिन्न सामाजिक, शैक्षिक, तथा व्यावसायिक क्षेत्रका सयौं सफल व्यक्तिहरूलाई सम्मान गरिएको थियो ।

समारोहको अध्यक्षता समाजका जिल्ला अध्यक्ष धनपति महतोले गरेका थिए भने प्रमुख अतिथि शत्रुधन महतो थिए । अन्य अतिथिहरूमा वरिष्ठ उपाध्यक्ष कपिलदेव महतो, महासचिव दुर्गा प्रसाद महतोका साथै कुशवाहा समुदायका प्रमुख नेताहरूको उपस्थिति रहेको थियो ।

जिल्ला अध्यक्ष धनपति महतोले समुदायको एकता र सहकार्यको महत्वलाई जोड दिँदै भने, 'कुशवाहा समाजको उत्थानका लागि यस्ता कार्यक्रमहरू आवश्यक छन् । हामी सबै मिलेर समुदायको उन्नति र सशक्तिकरणमा योगदान पुऱ्याउनुपर्छ ।'

प्रमुख अतिथि शत्रुधन महतोले समुदायमा विभेद हटाउन र सहकार्यको भावना बढाउनुपर्नेमा जोड दिए । 'समस्यामा रहेका कुशवाहा समुदायलाई सहयोग र एकताको माध्यमबाट सहयोग गर्न सबैलाई प्रेरित गर्नुपर्छ,' उनले भने ।

कार्यक्रममा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूलाई सम्मान गरिएको थियो । महासचिव दुर्गा प्रसाद महतोले कुशवाहा समाजको उत्थानका लागि आयोजक समितिले गरेका प्रयासहरूबारे चर्चा गर्दै भविष्यमा पनि यस्ता कार्यक्रमहरूको आवश्यकता औंल्याए ।

कार्यक्रमको समापनमा उपस्थित व्यक्तिहरूले हात मिलाएर एकताको प्रतीक प्रस्तुत गरे । आयोजक समितिले आगामी दिनमा पनि कुशवाहा समुदायको हितका लागि निरन्तर कार्य गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

सम्मान कार्यक्रमले सिरहामा कुशवाहा समुदायको एकता र सशक्तीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# लोप हुँदै मयुर नाच

सुर्य प्रकाश बुढा मगर/मध्यान्ह
रोल्पा, १९ कात्तिक



पछिल्लो समय मयुर नाच बिरलै मात्रामा देख्न सकिन्छ । पहिले पहिले रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान र रोल्पाको पश्चिमी भेगमा मयुर नाच हुने गर्दथ्यो, तर पछिल्लो समय मयुर नाच धेरै ठाउँमा लोपोन्मुख अवस्थामा पुगिसकेको जानकार तथा बुद्धिजीवीहरु बताउँछन् ।

एक दुई दशक पहिले दशै तथा तिहारमा मयुर नाचले गाउँ घरमा निकै रौनकता छाउने गरेको थियो, तर अहिले गाउँ घरमा मयुर नाच प्रायः सुनसान अवस्थामा छ र कमै मात्रामा एक/दुई गाउँ ठाउँमा मात्र यो नाच नाच्ने गरिएको पाइन्छ। तिहारको रौनक चलिरहँदा समेत अहिले मयुर नाच कहिँ पनि देखिएको छैन ।

परापूर्वकालदेखि लठ्ठी खेल्ने अर्थात हाता खेल्ने प्रचलन थियो भने पछी गएर यही नाच एउटै सुरताल अनि एकै प्रकारको लयमा नाच्ने मयुर नाच बन्न पुग्यो । मयुर नाच पाउमा नियोर र हातमा लठ्ठी लिएर नाच्ने गरिन्छ जसमा ९ जना पुरुष र ९ जना महिला गरि १८ जनाको समूह बनाएर नाच्ने गरिन्छ भने कुनै समूहमा बढीमा १२ जना पुरुष र १२ जना महिला गरि २४ जनाको समूह हुने गर्दछ । मादल, दौरी, मुरली र क्यासिनोको धुनमा शुरु हुने मयुर नाचको महत्त्वपूर्ण बाजा मादल र दौरीलाई लिन सकिन्छ ।

समूह अगुवाले सिठ्ठीको माध्यमबाट निर्देश गर्ने यो नृत्य बाजाको धुनसँगै अगाडि बढ्ने गर्छ । मयुरको मजुरबाट निर्मित सामग्रीलाई गड्का समेत भनिन्छ । चिटिक्क परेको ड्रेससँगै गड्का लगाएर नाच्दा साँच्चै नै मयुर नाचेको जस्तो देखिन्छ मयुर नाच। जसमा मयुर जस्तै नाच्दै १/१ हात गर्दै २२ हातसम्म नृत्य गर्दै नर्तक नर्तकीहरु पुग्छन् । २०६५ देखि २०६८/०६९ साल तिरसम्म रोल्पा पश्चिमका विभिन्न ठाउँमा मयुर नाच सिक्ने र नचाउने नाच्नेको होडबाजी नै चलेको थियो । रोल्पामा पनि नृत्य भित्र्याउन छिमेकी जिल्ला सल्यान र रुकुम पश्चिमबाट मयुर नाच्ने र बाजा बजाउने मानिस ल्याएर सिक्ने सिकाउने गरिन्थ्यो ।

उतिबेला राँक, भाबाङ, तालाबाङ, इरिबाङ, राङ्सी, राङ्कोट, कुरेली, पाछाबाङ, कोर्चाबाङ लगायत गाविसको विभिन्न गाउँ/गाउँमा मयुर नाचको सुरुवात गर्ने प्रतिस्पर्धा नै चलेको थियो । दशै, तिहारमा गाउँ/गाउँमा नृत्य देखाउने र दान समेत संकलन गर्ने गरिन्थ्यो ।

कम्तीमा पनि एक लाखदेखि करिब पाँच लाख रुपैसाँसम्म दान स्वरुप जम्मा गरेको पाइन्थ्यो । त्यतिमात्र नभएर परापूर्वकाल देखि परम्परागत रुपमा लाग्दै आएका मेलामा समेत मयुर नाच समूहको बाक्लो उपस्थिति हुने गर्दथ्यो र मेलामा सहभागी हुने दर्शकहरुको आकर्षण बन्ने गरेको थियो मयुर नाच । तर पछिल्लो समय कमै मात्रामा मात्र मयुर नाच देख्न सकिन्छ । अहिले धेरै गाउँ ठाउँमा मयुर नाच लोप भइसकेको छ ।

पहिले धेरै गाउँ/ठाउँमा नाच्दै आएको मयुर नाच पछिल्लो समय लोप हुँदै गएको स्थानीय बताउँछन् । परिवर्तन गाउँपालिकाको इरिबाङ, कुरेली, राङ्सी लगायतमा लोप भएका छन् भने राङ्कोट, पाछाबाङ्मा, कोर्चाबाङ, राँक लगायतका एक दुई गाउँमा अझै पनि मयुर नाच रहेको पाइएको छ ।

त्यस्तै तालाबाङ, भाबाङ, राँक र चुनबाङका एक दुई गाउँमा समेत मयुर नाच रहेको बताइएको छ । लोपोन्मुख सांस्कृतिक संरक्षण प्रतिष्ठान परिवर्तन गाउँपालिकाका संयोजक लालबहादुर घर्तीमगरले मयुर नाच लोप हुँदै जानुमा अहिलेको पुस्ताल् ध्यान नदिनु मुख्य कारण भएको बताए । 'हामीले हाम्रा पूर्खादेखि मान्दै आएका रितीरिवाज, भाषा, कला, संस्कृतिलाई संरक्षण गर्नुपर्ने अहिलेको आवश्यकता देखिन्छ,' संयोजक घर्तीले भने, 'हामीले कला संस्कृतिको जगेर्ना गर्नुपर्छ भन्दा अहिलेका युवा पुस्ताले ध्यान, चासो नदिइ बेवास्ता गरेको पाउछौं ।' उनले पूर्खाको कला यो हो र यो रहेछ भनेर बुझ्नु अहिलेको आवश्यकता रहेको र पूर्खाहरुको विभिन्न भाषा, कला, संस्कृतिको विकास गर्न राज्यले पनि ध्यान दिनुपर्ने बताए । अहिले मयुर नाच मात्र नभएर अन्य पुराना कला, संस्कृतिसमेत लोपोन्मुख अवस्थामा पुगेको उल्लेख गर्दै संयोजक घर्तीले पैसरु नाच, साइला बरै भाका, सिङ्गारुलगायत लोपोन्मुख अवस्थामा पुगेका संस्कृति र पहिचानलाई जोगाएर आगामी पुस्तालाई हस्तान्तरण गरिनु पर्नेमा जोड दिए ।

बदलिँदो परिस्थिति, परिवर्तनशिल समय र आधुनिकताको विकाससँगै अहिलेका युवा पुस्ताले आफ्ना पूर्खा र परम्परादेखि चल्दै आएका भेषभुषा, रितिरिवाज, भाषा, कला, संस्कृति छोड्दै बिर्सँदै गएका छन् ।

देशमा रोजगारी सिर्जना नभएको कारण पनि युवाहरू रोजगारी खोज्ने सिलसिलामा विदेश पलायन हुनुले कला, संस्कृति ओझेलमा पर्ने संकेत चुलिएको महसुस गर्न सकिन्छ । अहिले मयुर नाचमा पनि नाच्ने र बाजा बजाउने मानिस नभएपछी कसरी पछिल्लो पुस्ताले आत्मसात गर्न सक्छन् र त्यसैले रोल्पा जिल्लाको विभिन्न भाषा, कला, संस्कृतिमध्येको एक मयुर नाचलाई संरक्षण गर्न विभिन्न संघ-संस्था, बुद्धिजीवी, विभिन्न क्रियाशील राजनीतिक दलहरु, प्रदेश र स्थानीय सरकारलगायत सबैको दायित्व र भूमिका अपरिहार्य देखिन्छ ।

## युवा संकल्प यात्रा कात्तिक २३ गतेदेखि



काठमाडौं/मस- नेपाली कांग्रेसका युवा नेताको संयोजनमा १० बुँदे एजेण्डासहित मेची-महाकाली 'युवा संकल्प यात्रा' सञ्चालन गरिने भएको छ । यात्राबाट युवालाई लोकतन्त्र, विधिको शासन, युवा हकहित र जनअधिकारका पक्षमा ऐक्यबद्धता जनाउँदै समृद्ध नेपाल निर्माणमा उद्यमशील बन्न प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

सोमबार आयोजित पत्रकार सम्मेलनमा अभियानका संयोजक भूपेन्द्रजंग शाहीले उद्यमशीलता नेपालको विकासका लागि अपरिहार्य रहेको जनाउँदै राजनीतिक उपलब्धिको संरक्षण युवाशक्तिको समुचित उपयोगबाट मात्र हुनसक्ने धारणा राखे ।

नेपाल तरुण दलका पूर्वमहामन्त्री शाहीले भने, 'कांग्रेसले युवा उद्यमशीलता प्रवर्द्धनमात्र होइन, देशको अवस्था बदल्ने तागत राख्नुपर्छ । कृषिप्रधान देशमा कृषिको आधुनिकीकरणमार्फत लाखौं युवालाई स्वदेशमै रोजगार बनाउन सकिन्छ ।'

यात्राले युवालाई राजनीतिक आन्दोलनको मात्र नभएर आर्थिक विकासको पनि साझेदार बनाउने उद्देश्य लिएको जनाउँदै नेता शाहीले लोकतान्त्रिक मूल्य मान्यताको प्रवर्द्धन, दण्डहीनताको अन्त्य, भ्रष्टाचारको उन्मूलन, सुशासन, युवा उद्यमशीलताको प्रवर्द्धन र राष्ट्र निर्माणको नेतृत्व गर्न पनि अभियान सार्थक हुने धारणा राखे ।

यही कात्तिक २३ गते मेचीनगरको काँकडभिट्टाबाट शुरु भइ इटहरी, लहान, जनकपुर, लालबन्दी, वीरगञ्ज, भरतपुर, लमही, वीरेन्द्रनगर, कोहलपुर हुँदै यात्रा मंसिर ४ गते महाकाली पुगेर समापन हुनेछ ।

अभियानमा खासगरी युवालाई रोजगारीको सुनिश्चितताका लागि पहलका साथै दबाब सिर्जना गर्ने, भ्रष्टाचार उन्मूलन र सुशासन पहल र खबरदारी गर्ने तथा महँगी र मूल्यवृद्धि नियन्त्रणको विषय प्रखर रूपमा उठाउने र समाधानको उपायसमेत देखाउने नेता शाहीले जानकारी दिए ।

सहकारी पीडितलाई तत्काल राहत र बचत फिर्ता गराउन पहलकदमी लिने तथा विभिन्न संस्था तथा सहकारी ठगलाई कारबाही गर्न दबाब सिर्जना गर्ने सो अवसरमा वितरित प्रेस विज्ञप्तिमा उल्लेख छ ।

उद्यमशीलता, नवप्रवर्तन र कृषिमा लगानीका लागि आवश्यक पहलसमेत संकल्प यात्राले गर्ने उल्लेख गर्दै नेता शाहीले त्यसक्रममा युवाहरूलाई उद्यमशीलता, नवप्रवर्तन र कृषिमा उत्प्रेरित गरिने जानकारी दिए ।

हरेक क्षेत्रमा युवाको अर्थपूर्ण प्रतिनिधित्व, नागरिकमैत्री सरकार तथा नागरिकलाई सहज जीवनयापनका लागि राहत तथा सहुलियतका लागि अग्रसरता लिइने पनि त्यस अवसरमा जानकारी दिइयो ।

नेपाली कांग्रेसकै नेतृत्वमा नेपालको राजनीतिलाई नैतिक, सिद्धान्त प्रेरित र मूल्य, मान्यतामा आधारित बनाउन युवा संकल्प यात्राले नेपालको राजनीतिलाई स्वच्छ, स्वस्थ र नैतिक मूल्य, मान्यतामा आधारित बनाउनका लागि पहल गर्ने पनि स्पष्ट गरिएको छ ।

पार्टीकी महासमिति सदस्य प्रेमिका रानाले युवा पुस्ताले नकारात्मक भाव बोकेर अरुको आलोचनामै समय खर्चने नभइ समाजमा उठेका विषयवस्तुको समाधान र सफलताको सन्देश प्रवाह गर्न सक्नुपर्नेमा जोड दिइन् ।

युवानेत्री तथा कलाकार राधिका हमालले देश बनाउन र नागरिकलाई सवल तुल्याउन सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले यात्रा कार्यक्रम अघि बढाइएको बताइन् ।

नेपाल तरुण दलका केन्द्रीय सदस्य पशुपति पोखेलले शैक्षिक योग्यताअनुसारको रोजगारी नपाएर भौतारिरहेका युवालाई देश निर्माणको अभियानमा जुटौं भन्ने विषयलाई केन्द्रबिन्दुमा राखेर अभियान सञ्चालन गर्न लागिएको बताए ।

यात्रामा नेता शाहीसहित रञ्जित कर्ण, धर्मेन्द्र नेम्वाङ, प्रेमिका राना, नरेश यादव, शेख ओकिल, मेदनी सिटौला, चन्द्रादेवी जोशी, राधिका हमाल, उदिराम खड्का, लेलिया विश्वकर्मा, सुनिल थापा, विनोद खनाललगायत ४० जना केन्द्रीय प्रतिनिधिका रूपमा सहभागी हुनेछन् ।

## तीन दिनपछि हुम्लामा पुनः हवाई उडान शुरु



**हुम्ला/मस-** हुम्लाको सिमकोट विमानस्थलमा तीन दिनपछि हवाई उडान पुनः शुरु भएको छ । मौसम सफा भए पनि लक्ष्मी पूजाको दिनदेखि हवाई उडान हुन सकेको थिएन ।

नेपालगञ्जदेखि उडान भर्दै आएका निजी र सरकारी स्वामित्वमा रहेको नेपाल एयरलाइन्सको उडान तालिका नभएका कारण सोमबार मात्रै उडान सञ्चालन गरेको सिमकोट विमानस्थल कार्यालयले जानकारी दिएको छ । सोमबार नेपालगञ्जदेखि सिमकोटका लागि तारा एयर र नेपाल एयरलाइन्सले उडान भरेका हुन् ।

सोमबार नेपालगञ्जदेखि तारा र नेपाल एयरलाइन्सले एक-एक पटक उडान भरेको विमानस्थलले जानकारी दिएको छ । दुवै एयरलाइन्सले नेपालगञ्जदेखि यात्रुसँगै दैनिक उपभोग्य सामग्री र अन्य सामानसमेत ढुवानी गरेका थिए । अन्य सीता र समिट एयरले तीन दिनदेखि उडान भर्न नसकेको छैनन् । नेपालगञ्जदेखि उडान भर्दै आएका जहाजले आफ्नो तालिकाअनुसार हुम्लामा उडान भर्दै आएका छन् । मंगलबारका लागि नेपालगञ्जदेखि नेपाल एयरलाइन्सले आफ्नो उडान तालिकाअनुसार उडान भर्ने भएको छ ।

नेपालीको महान् पर्व दशैं, तिहार सकिएसँगै सिमकोटबाट जिल्लाबाहिर जाने यात्रुको चाप विस्तारै बढ्दै गएको छ । यो समयमा नेपालगञ्ज र सुर्खेतबाट हुम्ला आउने यात्रुको चाप त्यति धेरै नभए पनि हुम्लादेखि जिल्ला बाहिर जाने यात्रुको चाप भने उत्तिकै रहेको बताइएको छ । सीता एयर र समिट एयरले भने सोमबार उडान नभरेको सिमकोट विमानस्थल कार्यालयले जनाएको छ ।

## बाँकेमा किसानको धान खरिद गरिँदै



**बाँके/मस-** बाँकेमा किसानले उत्पादन गरेको धान खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगञ्जले खरिद गर्ने भएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी नेपालगञ्जका प्रमुख रामशरण लामिछानेले धान खरिदका लागि मूल्य तोकिए पनि चाडपर्वका कारण खरिद प्रक्रिया ढिला भएकाले यही कात्तिक २० गतेबाट खरिद सुरु गरिने जानकारी दिए । उनका अनुसार ४० हजार क्विन्टल धान खरिद गर्ने कोटा निर्धारण गरिएको छ ।

प्रतिक्विन्टल मध्यम धान रु तीन हजार पाँच सय ८० र मोटो धान रु तीन हजार चार सय १० मा खरिद गर्न मूल्य निर्धारण गरिएको प्रमुख लामिछानेले बाताए । उनका अनुसार किसानले आफ्नो वडा कार्यालयबाट सिफारिस र पहिचान खुल्ने नागरिकता लिएर आएमा धान खरिद गरिनेछ ।

यस वर्ष बाँकेमा एक लाख ५० हजार मेट्रिक टन धान उत्पादन हुने आँकलन गरिएको कृषि ज्ञान केन्द्र बाँकेले जनाएको छ । सरकारले समयमै धानको मूल्य निर्धारण गरे पनि खरिद ढिला हुँदा चाडपर्वमा किसानले व्यापारीलाई सस्तो मूल्यमा धान बिक्री गर्न बाध्य भएको बाँके डुडुवाका किसान कन्धइलाल यादवले बताए ।

## गाईबाच्छा संरक्षणका लागि देउसीभैलो

**काठमाडौं/मस-** गाईबाच्छा संरक्षण लागि खेलिएको देउसीभैलोबाट रु दुई लाख ४४ हजार तीन सय १६ संकलन भएको छ । कागेश्वरी मनोहरा नगरपालिका-८ गोठाटारमा पशुपति क्षेत्र विकास कोषले उपलब्ध गराएको करिब एकसय रोपनी क्षेत्रफलमा सडकमा छाडिएका गाईबाच्छाको संरक्षण गरिएको छ । दुई सयको स्ख्यामा संरक्षण गरिएको गाईबाच्छाका आहारा जुटाउन देउसीभैलो खेलिएको थियो ।

देउसीभैलोबाट नगद बाहेक पिठो २० बोरा, दाना पाँच बोरा प्राप्त गरेको गाईबाच्छा संरक्षण अभियन्ता भगवान् पुडासैनीले जानकारी दिए । देउसीभैलोमा तीन जनाले आजीवन सदस्यता लिएका छन् । आजीवन सदस्यताबाट रु दुई लाख ५९ हजार तीन सय १६ जम्मा भएको छ । गाईबाच्छा संरक्षण अभियान स्वयंसेवी अभियान हो । यस अभियानमा आबद्धले काठमाडौं उपत्यकाका सडकमा छाडिएका गाईबाच्छाको उद्धार गरी पुनःस्थापना गर्दै आएका छन् ।

## 'चिल्ड्रेन पार्क' आन्तरिक पर्यटकको रोजाइमा


**तनहुँ/मस-** तनहुँको भानु नगरपालिका-१३ सम्जुरस्थित 'चिल्ड्रेन पार्क' आन्तरिक पर्यटकको रोजाइमा परेको छ । स्थानीय चण्डीमाइ युवा क्लवको सक्रियतामा गत वर्ष निर्माण गरिएको पार्क आन्तरिक पर्यटकको रोजाइमा परेको छ ।

क्लवका अध्यक्ष अर्जुन बानियाँले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थल बनाउन युवाको सक्रियतामा पार्क निर्माण गरिएको जानकारी दिए । उनले भने, 'यसलाई विशेषगरी टिकटक पार्कको रूपमा विकास गरिएको छ । गाउँमा पर्यटकीयस्थल बनाएर आन्तरिक पर्यटक भित्र्याउने हाम्रो मुख्य उद्देश्य हो ।'

बानियाँका अनुसार हाल दैनिक तीन सयभन्दा बढी आन्तरिक पर्यटक यहाँ आउने गरेका छन् । 'दशैंका बेला यहाँ रोटेपिङ हालेका थियौं । यसले पनि आन्तरिक पर्यटकलाई लोभ्याएको छ । ३० फिट अग्लो नेपालको झण्डा फहराएका छौं । विश्रामस्थलसमेत बनाएका छौं । हरियाली डाँडापाखाको दृश्यले धेरैलाई लोभ्याउँछ,' उनले भने ।

ओझेलमा रहेको सम्जुर गाउँको प्रचारप्रसारका लागि यहाँ पार्क निर्माण गरिएको हो । 'आफ्नो गाउँ आफै बनाऔं' भन्ने अभियानअन्तर्गत गाउँका युवा र विदेशमा रहेका युवाको लगानीमा पार्क निर्माण गरिएको अध्यक्ष बानियाँले उल्लेख गरे । पार्क निर्माणका लागि भानु घर भइ विदेशमा रहेकालाई आग्रह गरिएको र यसको निर्माणमा यही रहेका युवाले श्रमदान गरेका थिए । यस ठाउँलाई थप आकर्षक बनाउन अन्य पूर्वाधारसमेत निर्माण गर्ने क्लबको योजना रहेको जनाइएको छ ।

## काठमाडौंको बौद्धबाट २० जुवाडे पक्राउ



**काठमाडौं/मस-** प्रहरीले काठमाडौं महानगरपालिका-६ बौद्ध, रामहिटीस्थित रामबहादुर सुनारको घरमा जुवातास खेलिरहेको अवस्थामा सोमबार २० जनालाई नियन्त्रणमा लिएको छ । उनीहरुको साथबाट छ लाख ६९ हजार आठ सय १० रुपैयाँ र खेलमा प्रयोग भएको तीन बुक तास र छ बुक नखोलेको तास प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त बौद्धबाट खटिइएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको काठमाडौं प्रहरीका प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

## खानेपानी योजनाका काम सार्वजनिक खरिद ऐनअनुसार अगाडि बढाउन मन्त्री राणाको निर्देशन

सुर्य प्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, १९ कात्तिक



लुम्बिनी प्रदेशका शहरी विकास तथा खानेपानीमन्त्री रोज राणाले सार्वजनिक खरिद ऐनअनुसार नै खानेपानी मन्त्रालयअन्तर्गत १२ जिल्लाका सबै आयोजनाहरुको काम अगाडि बढाएर जनताको शुद्ध पानी पाउने अधिकार सुनिश्चित गरिने बताएका छन् ।

मन्त्रालय मातहतका कार्यालय प्रमुखहरूलाई मन्त्री राणाले सार्वजनिक खरिद ऐनअनुसार खानेपानीका योजनाहरुको काम अगाडि बढाउन निर्देशन दिएका छन् । उपभोक्ता समितिमार्फत खानेपानीका कामहरु हुने विगतदेखिको परम्परालाई निरन्तरता दिँदै जनता उपभोक्ताहरुको मागअनुसार मन्त्रालय मातहतका कामहरु सार्वजनिक खरिद ऐनमा रहेर काम गर्न/गराउन भनि मन्त्रालयबाट निर्देशनसहितको परिपत्र प्राप्त भएको एक कर्मचारीले मध्यान्हलाई बताए ।

योजनाका कामहरू गर्दा जिल्लाहरुमा आइपर्ने समस्या समाधानका लागि सहजीकरण गर्ने बताउँदै मन्त्री राणाले जनताको सेवालाई केन्द्रमा राखेर छिटोछरितो जनमुखी स्पष्ट देखिने तरिकाले काम अगाडि बढाउन आग्रह गरेको शहरी विकास तथा खानेपानी मन्त्रालयले बताएको छ ।

लुम्बिनी प्रदेशका पहाडी जिल्लामा अझै पनि खानेपानीको समस्या रहेको भन्दै मन्त्री राणाले अति विकट ग्रामीण क्षेत्रका उपभोक्तालाई सेवा दिने गरेर काम गर्नसमेत निर्देशन दिएका छन् ।

मुख्यमन्त्री कार्यालय र अर्थ मन्त्रालयले दुई महिना अगाडि सबै सरकारी कार्यालयहरुलाई परिपत्र गरी पाँच लाखभन्दा माथिका बजेट भएका आयोजनाका काम उपभोक्ता समितिमार्फत नगर्न निर्देशन दिएको थियो । सोही परिपत्रका कारण खानेपानीका हजारौं आयोजनाहरूको काम अहिले बन्द रहेको छ । खानेपानीका योजनाहरु थोरै बजेटका कारण सम्पन्न गर्न कठिनाइ हुने गरेको छ ।

मन्त्री राणाको विशेष पहलमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले खानेपानी मन्त्रालयअन्तर्गतका आयोजनामा ५ लाखको सीमा हटाएर सार्वजनिक खरिद ऐनअनुसार नै काम अगाडि बढाउने सहमति दिएपछि मुख्यमन्त्री र खानेपानीमन्त्रीको सरसल्लाहअनुसार खानेपानीका योजनाहरु अहिले उपभोक्ता समितिमार्फत अगाडि बढाउन लागिएको हो ।

मध्यान्ह
www.madhyanhadaily.com
२० कात्तिक २०८१, मंगलबार
5 November 2024, Tuesday

## सम्पादकीय

# भूकम्प पीडितप्रति संवेदनशील बन


जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर भूकम्प गएको एक वर्ष बितेको छ । गत वर्षको कात्तिक १७ गते राति ११ बजेर ४७ मिनेट जाँदा ६.४ रेक्टर स्केलको भूकम्प गएको थियो । जसले जाजरकोटसहित रूकुम पश्चिम र सल्यानका थुप्रै क्षेत्रमा ठुलो जनधनको क्षति बनायो । भूकम्पमा परी १५३ जनाले ज्यान गुमाएका थिए भने ३६४ जनाभन्दा बढी घाइते भएका थिए । भूकम्पले जाजरकोट र रूकुम पश्चिममा मात्रै ६० हजार बढी घरमा पूर्ण क्षति बनाएको थियो ।

विडम्बना नै मान्नुपर्छ, भूकम्पमा परी १५३ ले ज्यान गुमाउँदा भूकम्पपछि खुला आकाशमुनि चिसोले कठ्याङ्ग्रिएर ३८ जना भूकम्प पीडितले ज्यान गुमाए । लामो समयसम्म व्यवस्थापन नहुँदा चिसो र खानपान अभावका कारण उनीहरूको ज्यान गएको थियो । ज्यान गुमाउनेमा एक महिनाको शिशुदेखि ८९ वर्षीया वृद्धासमेत छन् । दीर्घ रोगी, गर्भवती, सुत्केरी र बालबालिकाको अवस्था निकै नै असहजपूर्णरूपमा गुज्रिएको थियो ।

भूकम्प गएको एक वर्ष नाघेको छ । तर, अहिलेसम्म भूकम्पको घाउ भने मेटिएको छैन । एक वर्षसम्म पनि अधिकांश भूकम्प पीडित पालकै साहारमा छन् । दुःखको कुरा, फेरि भूकम्प पीडितले अर्को चिसो खेप्दै छन् । उनीहरूका निम्ति सुरू हुँदै गरेको चिसो मृत्युको द्वार भई ठडिएको छ । भूकम्प पीडितहरू यो जाडो कसरी कटाउने चिन्तामा देखिन्छन् । तर, अभिभावकको रूपमा रहेको सरकार भने ती भूकम्प पीडितलाई मलमपट्टी लगाउन भने उदासीन देखिएको छ । भूकम्पपछि पालमा शव गनेको सरकारले यसपटक पनि संवेदनशीलता देखाएको छैन । भूकम्प पीडितलाई कसरी चिसोबाट जोगाउने, कसरी अत्यावश्यकीय कुराहरू परिपूर्ति गर्ने भन्नेतर्फ चिन्ता जनाएको छैन । उपत्यकाभित्रकै बाढी, पहिरो र डुबानका बेला मूकदर्शक बनेको सरकार भूकम्प पीडितका समस्यामा मूकदर्शक नबन्ला भन्न सकिन्न । यद्यपि, अब पनि मूकदर्शक बन्ने छुट भने छैन । सरकारले चाँडै नै चेतोस् र जनतालाई पालबाट जोगाओस् । मुखमा मात्रै होइन, व्यवहारमा पनि अभिभावक बनेर देखाओस् ।

## तपाईंको राशिफल

- मेष : पुराना कार्य सम्पन्न हुनेछ । जग्गा सम्बन्धी कार्यमा लाभ मिल्नेछ ।
- वृष : सबै कार्यमा धैर्य राख्नुहोला । स्वास्थ्य कमजोर हुनेछ ।
- मिथुन : बाहिरी सहयोगमा कमी आउनेछ । भाग्यमा वृद्धि हुनेछ ।
- कर्कट : कुनै पनि कार्यमा हतार नगर्नुहोला । व्यावसायिक यात्रा सफल हुनेछ ।
- सिंह : आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ । बढी व्यस्तता रहनेछ ।
- कन्या : वाणी सन्तुलित राख्नुहोला । जग्गाको कार्यमा सफलता मिल्नेछ ।
- तुला : पदोन्नति हुने योग छ । दाजुभाइको राम्रो सहयोग प्राप्त हुनेछ ।
- वृश्चिक : अनावश्यक विवाद हुने योग छ । सामाजिक कार्यमा वृद्धि हुनेछ ।
- धनु : सबै कार्यमा सावधानी र धैर्य राख्नुपर्छ, सफलता प्राप्त हुनेछ ।
- मकर : अर्कामाथि भरोसा नगर्नुहोला । पैतृक सम्पत्ति प्राप्तिको योग छ ।
- कुम्भ : स्वास्थ्य सम्बन्धी खर्चमा वृद्धि हुनेछ । दाम्पत्य जीवन सुखी रहनेछ ।
- मीन : शान्तिमा वृद्धि हुने योग छ । नयाँ सोचअनुसार काम हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नास्तिकता : नयाँ युगको मार्ग

*यदि नास्तिक चेतनाको विकास नभएको भए मानव जातिको अवस्था अन्धकारमय हुने थियो । विज्ञान प्रविधिको विकास हुने थिएन । विज्ञानको प्रगतिमा नास्तिक चेतनाले धेरै मद्दत गरेको छ, किनकि यसले परम्परागत धर्म र अन्धविश्वासका विचारहरूलाई प्रश्न गर्ने संस्कार दियो ।*

अग्रलेख



● राजन तिमिल्सिना

नास्तिकता भनेको कुनै पनि ईश्वरीय वा अलौकिक शक्तिप्रतिको अविश्वास हो, जसले व्यक्ति वा समूहलाई तर्क, विज्ञान, र प्रमाणमा आधारित जीवन र विश्व दृष्टिकोण अपनाउन प्रोत्साहित गर्छ । नास्तिकता कुनै विशेष धार्मिक आस्था वा अनास्थामा आधारित नभएर स्वतन्त्र सोच, तार्किकता र वास्तविकतामा आधारित दर्शन हो, जसले मानवता र नैतिकताको लागि धर्मको आवश्यकतालाई अस्वीकार गर्छ । नास्तिकताको केन्द्रबिन्दुमा रहेको तर्कसङ्गतता, विज्ञानप्रतिको दृढ समर्थन, र मानवतावादी दृष्टिकोणले समाजमा रहेको विभेद, छुवाछूत, शोषण, अन्याय, अत्याचार, कुप्रथा अन्धविश्वासका विरुद्ध जनचेतना फैलाई सुसङ्गत र नयाँ सुसंस्कृत विश्व व्यवस्था निर्माणमा सहयोग पुऱ्याउँछ ।

यदि नास्तिक चेतनाको विकास नभएको भए मानव जातिको अवस्था अन्धकारमय हुने थियो । नास्तिक चेतना भनेको परम्परागत धारणाबाट विद्रोह गर्नु हो, जसले मानिसलाई आलोचनात्मक सोच, प्रयोगात्मक कार्य र स्वतन्त्रता प्राप्त गर्न मद्दत गर्दछ । यदि यस्तो चेतनाको विकास नभएको भए विज्ञान प्रविधिको विकास हुने थिएन । मानिसहरूले अन्धविश्वासका बारेमा धेरै विषयमा प्रश्न नगरी विश्वास गर्ने र परम्परागत धारणामा निर्भर रहने थियो । यसले विज्ञान, प्रौद्योगिकी, सूचना प्रविधि, समाज सुधार र मानव अधिकारको क्षेत्रमा प्रगतिको काम हुन सक्दैनथ्यो ।

विज्ञानको प्रगतिमा नास्तिक चेतनाले धेरै मद्दत गरेको छ, किनकि यसले परम्परागत धर्म र अन्धविश्वासका विचारहरूलाई प्रश्न गर्ने संस्कार दियो । मानिसहरू आफ्नै विचार र स्वतन्त्रतामा सीमित हुन सक्थे, जसले गर्दा समाजमा विविधता र बहुलता कमी हुने थियो । धेरै अन्धविश्वासहरू अझै पनि समाजमा व्यापक हुन सक्थ्यो । मानिसहरूले परम्परागत रीतिरिवाज र विश्वासहरूलाई बिना प्रश्न पालना गर्थे, जसले सत्तीप्रथा र नरबलि जस्ता कुप्रथा कायमै रहने थिए । समाज सुधार, महिला अधिकार, जातिवादको अन्त्य र मानव अधिकार जस्ता विषयहरूमा नास्तिक चेतनाले ठुलो योगदान पुऱ्याएको छ । यसको कमीले समाज सुधारको गति सुस्त बनाउने थियो ।

नास्तिक व्यक्तिहरूलाई धार्मिक विश्वासमा निर्भर नगरी आफ्नो जीवनयापन गर्न, सोच्न र निर्णय गर्न सक्ने योग्यता र क्षमता आवश्यक हुन्छ । नास्तिक हुनुको एउटा आधारभूत पक्ष तर्क र प्रमाणमा आधारित सोच हो । उनीहरू कुनै पनि विषयमा प्रमाणबिनाका मान्यता स्वीकार गर्दैनन् र कुनै धारणा वा विश्वासलाई वैज्ञानिक तरिकाले विश्लेषण गर्न सक्षम हुन्छन् । नास्तिकहरूले आफ्ना निर्णयहरू र मूल्यहरू आफैँ परिभाषित गर्न सक्नुपर्छ । उनीहरू परम्परा, विश्वास, वा धर्मको आधारमा मात्र निर्भर हुँदैनन् र आफ्ना सिद्धान्त र नैतिकता आफैँ निर्माण गर्न रुचाउँछन् ।

नास्तिकहरूका लागि विज्ञानको महत्व धेरै हुन्छ र उनीहरू प्रकृतिका नियमहरू वैज्ञानिकरूपमा बुझ्न चाहन्छन् । यसले गर्दा उनीहरू प्रकृति, ब्रह्माण्ड र अस्तित्वबारे वैज्ञानिक दृष्टिकोणबाट बुझ्न सक्षम हुन्छन् । नास्तिकहरूले नैतिकता धार्मिक ग्रन्थ वा भगवान्मा आधारित नभई मानवीय आधारमा तय गर्न रुचाउँछन् । उनीहरूले आफ्नो जिम्मेवारीलाई समाज, प्रकृति, र मानिसहरूप्रति इमानदार रहँदै निर्णय गर्नुपर्छ । नास्तिक हुनुको मतलब बाहिरी समर्थन वा आध्यात्मिक मार्गदर्शन बिना पनि जीवनलाई अनुशासनमा राख्न सक्नुपर्ने हुन्छ । उनीहरूले आफ्ना लक्ष्यहरूमा पुग्न आफ्नो दृढ इच्छाशक्ति र आत्म-प्रेरणा प्रयोग गर्नुपर्छ । नास्तिकहरू अन्य धर्म, दर्शन र विचारधाराप्रति खुला रहन्छन् । उनीहरूले आफूले मान्ने कुनै पनि धारणा सही नै हुनुपर्छ भन्ने सोच्दैनन्, बरु नयाँ तर्क र प्रमाणहरूलाई स्वीकृत गर्न तयार रहन्छन् ।

**नास्तिकताका केही विशेषता**

**धर्ममा विश्वास नगर्ने** : नास्तिकहरू कुनै विशेष धर्म, देवता वा धार्मिक सिद्धान्तमा विश्वास गर्दैनन् । उनीहरू प्रायः भौतिकवादी धारणा सहित वैज्ञानिक दृष्टिकोणलाई अपनाउँछन् ।

**वैज्ञानिक सोचको प्रवर्द्धन** : नास्तिकहरू विज्ञानमा विश्वास गर्छन् र वस्तुनिष्ठ प्रमाणहरूमा आधारित व्याख्यालाई महत्व दिन्छन् । भौतिक जगत, मानव समाज र विज्ञानका सार्वभौम नियमको आधारमा विश्लेषण गर्छन् ।

**तर्कसंगत सोच** : उनीहरू कुनै पनि कुरामा अन्धविश्वास भन्दा तर्क र प्रमाणमा विश्वास गर्छन् । उनीहरू धार्मिक र परम्परागत मान्यताहरूलाई तथ्य प्रमाण र तर्कको आधारमा हेर्छन् । ऐतिहासिक तथा पुरातात्त्विक प्रमाण नपुग्ने मिथकहरूलाई अन्धविश्वासको श्रेणीमा राख्छन् ।



*नास्तिकहरू विज्ञान र तर्कमा आधारित भएकाले उनीहरूले वैज्ञानिक खोज, अनुसन्धान र प्रविधिको विकासलाई महत्व दिन्छन् । यसले समाजमा वैज्ञानिक ज्ञान र चेतनाको विकासमा सहयोग पुऱ्याउँछ । यसले मानिसहरूलाई निःस्वार्थ सहयोग गर्न रूचाउँछन् ।*

**स्वतन्त्र विचारधारा** : उनीहरूले आफ्नो विचार आफैँ बनाउन रुचाउँछन् र आजसम्मका वैज्ञानिक, दार्शनिक, समाज शास्त्री अध्येताहरूले गरेको वस्तुवादी र वैज्ञानिक खोजको आधारमा टेकी तथ्यहरूलाई थप समृद्ध पार्छन् । बाह्य धार्मिक वा सांस्कृतिक प्रभावको आधारमा रहेका अन्धविश्वासी मिथकलाई अस्वीकार गर्दछन् ।

**धर्म समाजको एक विकल्प** : नास्तिकहरूका लागि धर्म व्यक्तिगत विश्वासको कुरा हो, धर्म मान्ने वा नमान्ने हरेक व्यक्तिलाई स्वतन्त्रता दिनुपर्छ । तर्कशील चेतनाको विकास नभएसम्म धर्मको आधिपत्य कायमै रहन्छ र धर्म कायम रहेसम्म अन्धविश्वास, पाखण्ड, भेदभाव, शोषण र सब प्रकारका विकृतिहरू मौलाउँदै जान्छ ।

**नैतिकता धर्मभन्दा फरक मान्ने** : नास्तिकहरू नैतिकता र सामाजिक उत्तरदायित्वलाई धर्मबाट अलग मान्छन् र नैतिक बन्नको लागि धर्म आवश्यक छैन । नास्तिकहरू स्व-अनुशासन र उच्च नैतिकतालाई केन्द्रमा राखेर आफ्ना गतिविधि सञ्चालन गर्दछन् ।

**प्रकृति प्रेमी र पर्यावरणप्रति सचेत** : प्रायःजसो नास्तिकहरू प्रकृति, पर्यावरण संरक्षण, जीव-जन्तु र वनस्पतिप्रति संवेदनशील हुन्छन् र यथार्थवादी जीवन जिउने प्रयास गर्छन् । प्रकृति र पर्यावरण संरक्षणका लागि जनचेतना जगाउँछन् र भविष्य हुनसक्ने पर्यावरणीय असर र प्राकृतिक विपत्तिबारे आफ्ना वस्तुसंगत तर्कहरू पेस गर्छन् ।

**मृत्युपछिको जीवनबारे अविश्वास** : उनीहरू मृत्युपछि जीवन, पुनर्जन्म वा आत्मा जस्ता अवधारणाहरूमा विश्वास गर्दैनन् । यस्ता अन्धविश्वासी कुराको डर देखाएर मानसिक गुलाम बनाउने कुराको सशक्त प्रतिवाद गर्छन् ।

**मानव अधिकारको पक्षपाती** : नास्तिकहरू समता, समानता, स्वतन्त्रता र न्यायको पक्षमा बोल्छन् र वर्गीय, धार्मिक, जातीय, क्षेत्रीय, लिङ्गीय भेदभावको विरुद्ध आवाज उठाउँछन् । समतामूलक समाज निर्माणका पक्षधर हुन्छन् ।

**खुला विचारधारा** : उनीहरू सबै प्रकारका विचारहरूलाई सम्मान गर्छन् । सबै विचारहरू खुलेर सुन्ने, बुझ्ने र त्यसको तर्कसङ्गत समीक्षा गर्ने दृष्टिकोण राख्छन् । तथ्य र तर्कको आधारमा समर्थन या विरोध गर्दै वैज्ञानिक निष्कर्ष निकाल्दछन् ।

**नास्तिक बन्नुका फाइदा**

**वैचारिक स्वतन्त्रता** : नास्तिक बन्ने व्यक्तिहरू कुनै धार्मिक नियम वा परम्परागत सोचमा नबाँधिएर स्वतन्त्र रूपमा आफ्नो विचार बनाउन सक्छन्, जसले रचनात्मकता र आलोचनात्मक चेतलाई बढवा दिन्छ । उनीहरू अन्धविश्वास र रुढीवादको विकल्पमा नयाँ विचार र विश्व दृष्टिकोण निर्माण गर्दछन् ।

**वैज्ञानिक दृष्टिकोण** : नास्तिकहरू विज्ञान, तथ्य र प्रमाणमा विश्वास गर्छन्, जसले उनीहरूको निर्णय र सोचलाई व्यावहारिक बनाउँछ । यसले जीवनमा समस्याहरूको समाधानमा वैज्ञानिक दृष्टिकोण अपनाउन सहयोग पुऱ्याउँछ ।

**अन्धविश्वासबाट मुक्ति** : नास्तिकहरूले विभिन्न प्रकारका अन्धविश्वासहरूलाई अस्वीकार गर्छन्, जसले उनीहरूको जीवनलाई अनावश्यक डर र भ्रान्तिहरूबाट मुक्त राख्छ । उनीहरू स्वर्गको आस र नर्कको त्रासबाट मुक्त हुन्छन् ।

**धार्मिक विभाजन र द्वन्द्वबाट टाढा** : धर्ममा आधारित विभाजन वा धार्मिक कट्टरताबाट टाढा रहेर उनीहरूले समाजमा मेलमिलाप र सहिष्णुताको पक्षमा वकालत गर्छन् । धार्मिक र सबै खाले असमानता, विभेद र उत्पीडनको विरुद्धमा आवाज बुलन्द गर्छन् ।

**नैतिकता धर्मसँग नजोड्ने स्वतन्त्रता** : नास्तिकहरूले नैतिक मूल्यमान्यताहरूलाई धर्मसँग जोडेर हेर्दैनन् । उनीहरूको लागि मानवता र नैतिकता समाजको भलाइको लागि हुने मूल्य हुन् । स्व-अनुशासन र उच्च नैतिक मूल्यमान्यतालाई मानवीय दायित्वभित्र राख्दछन् ।

**आर्थिक बचत** : उनीहरू धर्महरूको नाममा गरिने पूजा-पाठ, दान-दक्षिणा-पुण्य आदिमा खर्च गर्दैनन् । नास्तिकहरूले यस्ता धार्मिक अनुष्ठानहरूमा आर्थिक स्रोत खर्च गर्नु पर्दैन, जसले उनीहरूको आर्थिक व्यवस्थापनमा सहयोग पुऱ्याउँछ । धार्मिक कार्यको सट्टामा उनीहरू गरिब, असहाय, वृद्ध वृद्धाहरूलाई सहयोग गर्छन् ।

**धर्ममा आधारित अपराधबाट छुटकारा** : नास्तिकहरूको लागि धर्मको नाममा गरिने कुनै प्रकारको अपराध वा हिंसा स्वीकार्य हुँदैन । यसले उनीहरूलाई नैतिकवान् र शान्तिप्रेमी बनाउँछ । नरबलि, पशु बली जस्ता कुसंस्कारविरुद्ध जनचेतना प्रवाह गरी समाजलाई सही दिशानिर्देश गर्दछन् ।

**समय बचत** : धार्मिक क्रियाकलापमा समय खर्च नगर्दा उनीहरू आफ्नो समय व्यक्तित्व विकास, ज्ञान वृद्धि वा समाज सेवा जस्ता कार्यमा खर्च गर्न सक्छन् । जसको कारण समाजलाई चेतनशील र विवेकशील बनाउन सहयोग पुग्छ ।

**मनोवैज्ञानिक स्वतन्त्रता** : धर्म र धर्म संस्थामा नबाँधिएकाले उनीहरू आफ्नो जीवनको लक्ष्य र उद्देश्य आफ्नै रुचिअनुसार निर्धारण गर्न स्वतन्त्र हुन्छन् । धर्मले मानिसलाई मानसिक गुलाम बनाई मिथ्या र असत्य कुरालाई मान्न विवश बनाउँछ ।

**मृत्युपछि जीवनको चिन्ताबाट मुक्ति** : नास्तिकहरूले मृत्युपछि जीवनको बारेमा चिन्ता गर्दैनन् । उनीहरू पुनर्जन्म, स्वर्ग, नर्क, पुण्य जस्ता कुराहरूमा विश्वास गर्दैनन्, जसले उनीहरूको मनोबल उच्च रहन र जीवनलाई वर्तमानमा सहजढंगले जिउन सहयोग पुऱ्याउँछ ।

समग्रमा, नास्तिकहरू विज्ञान र तर्कमा आधारित भएकाले उनीहरूले वैज्ञानिक खोज, अनुसन्धान र प्रविधिको विकासलाई महत्व दिन्छन् । यसले समाजमा वैज्ञानिक ज्ञान र चेतनाको विकासमा सहयोग पुऱ्याउँछ । यसले मानिसहरूलाई निःस्वार्थ सहयोग गर्न रुचाउँछन् । उनीहरूको परोपकारी कार्यहरूले समाजमा सकारात्मक प्रभाव पार्छ, जसले गरिबी, स्वास्थ्य, र शिक्षाजस्ता समस्यामा सहयोग पुऱ्याउँछ । नास्तिकहरू मानव अधिकार र कानुनी समानताको समर्थक हुन्छन् । उनीहरूले धर्मका नाममा हुने विभेदपूर्ण कानुनहरूको विरोध गर्छन् र कानुनी सुधारको पक्षमा आवाज उठाउँछन् ।

अन्त्यमा, नास्तिकहरूले समाजमा तार्किकता, वैज्ञानिकता, मानवता, र सहिष्णुताको प्रवर्द्धन गरेर सकारात्मक योगदान पुऱ्याउँछन् । यसले समाजलाई थप न्यायपूर्ण, समानतापूर्ण र प्रगतिशील समाज निर्माणमा सहयोग पुऱ्याउँछ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

चाडपर्व चिन्तन- यति राम्रो भूगोल, उपयुक्त हावापानी, उर्वर जमिन, यति सुन्दर फूल र जैविक विविधता, यति रोचक-रोमाञ्चक चाडपर्व, यति धेरै जाति, भाषा, धर्म, संस्कृति, यति महान् सभ्यता । तर, यै राष्ट्रको राजनीतिक मानसिकता किन यति भ्रष्ट ? अर्थतन्त्र किन सधैँ दरिद्र ? यो कस्तो विरोधाभास ?



**- नवराज पन्त**

नेपालको हाइड्रो भारतले कब्जा गर्ने र चीनले बनाएका एअरपोर्टहरूमा चिनियाँ लगानी भन्दै भारतले चल्न नदिने जस्ता अर्थतन्त्रमा ठुलो बाधा आउने खालका विदेशी स्वार्थ नेपालमा लादिएको छ । भारत र चीनमा द्रुत विकास त भएको छ तर, नेपालले त्यसको फाइदा लिन सकेको छैन ।



**- डा. तोसिमा कार्की**

यता थुनामा राखिरहने, अनुसन्धान पनि नगर्ने, पर्याप्त बयान पनि नलिने अनि म्याद चाहिँ थपिरहने । उता जनताले प्रतिशोधको आकंलन गर्लान् कि भन्ने डरले रिहा भइसक्नुभयो भन्ने भ्रमपूर्ण समाचार तथा सूचनाहरू प्रवाह गरेर आम जनसहभागिता तुहाउन खोज्ने वा गज्जबको राजनीतिको प्रत्यक्षदर्शी हुँदैछौँ हामी ।



**- प्रेम मगर**

सरकारले 'नेपाल भाषा'लाई पाठ्यक्रममा समावेश गर्नको लागि प्रक्रिया अगाडि बढाउँदै छ । १२० भन्दा धेरै जातजाति र भाषा रहेको देशमा कुनै एउटा जातिको भाषा पाठ्यक्रममा समावेश गर्दा अन्य जातिले विरोध गरे भने के हुन्छ ? कुनै एउटा जातिलाई खुसी पारेर 'अन्य'लाई दुःखी बनाउनु कदापि न्यायोचित हुन्न ।

# परम्परागत कृषिकर्म जगेर्नाको सवाल

विचार



● प्रदिप सिंह

*यदि परम्परागत कृषि पद्धतिहरूलाई संरक्षण गर्न सकियो भने हामी हाम्रो सांस्कृतिक धरोहर र वातावरणीय सन्तुलन दुवैलाई बचाउन सक्छौं । स्थानीय स्तरमा गोरु जोतेर गरिने खेतीलाई प्रोत्साहन गर्ने, जैविक खेतीमा जोड दिने र परम्परागत कृषि प्रणाली अपनाउन प्रोत्साहित गर्ने नीति ल्याउन सके हाम्रो मौलिकता पनि जोगिन सक्छ । जुन हाम्रो सम्पत्ति पनि हो ।*

नेपालको कृषि प्रणालीमा वर्षौंदेखि गोरु जोतेर खेती गर्ने परम्पराले ठूलो महत्व राख्दै आएको छ । तर, आधुनिक युगमा प्रविधि र मेसिनरीको प्रयोगले गर्दा यस्ता परम्परागत कृषि प्रणाली र गोरु जोतेर खेती गर्ने चलन हराउँदै गएको छ । खासगरी तराई क्षेत्र र अन्य ठाउँहरूमा यो चलन निकै ह्रास हुँदै गइरहेको छ ।

गोरुको महत्व, परम्परागत खेतीपातीको शैली र गाउँले जीवनशैलीको एउटा मुख्य पाटो भएको भए तापनि, यस्ता अभ्यासहरू समयसँगै लोप हुने क्रममा छन् ।

गोरु जोतेर खेती गर्ने चलन नेपाली ग्रामीण समाजको पहिचानको प्रतीक थियो । कटही गडी, टारगढी, गोरी, गोरु, हलो र जुवा जस्ता साधनको प्रयोग गरी गरिने खेतीले समाजमा एक प्रकारको अनुशासन, परिश्रम र सहकार्यको भावना ल्याउँथ्यो । मानिसहरू समूहमा मिलेर खेती गर्न जान्थे, र त्यसक्रममा श्रमको आदानप्रदान पनि हुन्थ्यो । तर, अहिले आधुनिक कृषि यन्त्रहरूको प्रयोग बढ्दै गएपछि गोरु पाल्ने र जोतेर खेती गर्ने परम्परा हराउँदै गएको छ ।

आधुनिक मेसिनहरू जस्तै : ट्र्याक्टर, थ्रेसर र अन्य खेतीका उपकरणहरूले कृषिलाई तीव्र र सजिलो बनाएको छ । मेसिनहरूको सहयोगले कम समयमा धेरै काम गर्न सकिने भएकाले किसानहरू आधुनिक यन्त्रतिर आकर्षित भएका छन् । यसले गर्दा गोरु जोतेर खेती गर्ने पुरानो तरिका क्रमशः विस्थापित भइरहेको छ । जसले गर्दा परम्परागत कृषि प्रणालीले बनाएको समाजमा आपसी समझदारी र सहयोगको भावना पनि हराउँदै गएको देखिन्छ ।

**पर्यावरणीय असर**

खेतीमा प्रयोग नहुने भएपछि गोरु पाल्न आर्थिकरूपमा व्यावहारिक नभएको भन्दै धेरै किसानहरूले गोरु पाल्न छोडेका छन् । यसले गर्दा गोरुको संख्या दिन प्रतिदिन घट्दै गइरहेको छ, जसका कारण जैविक विविधता र पर्यावरणीय सन्तुलनमा असर पर्ने सम्भावना बढेको छ । गोरु जोतेर गरिने खेतीमा मलजल र जैविक खादको प्रयोग हुन्थ्यो, जसले माटोमा प्राकृतिक उर्वरता कायम राख्न मद्दत गर्थ्यो । यद्यपि, मेसिनहरूको प्रयोगले यस्तो परम्परागत अभ्यास घटाएको छ र यसले लामो समयसम्म माटोको गुणस्तरलाई असर गर्न सक्छ ।

यदि यस्ता परम्परागत कृषि पद्धतिहरूलाई संरक्षण गर्न सकियो भने हामी हाम्रो सांस्कृतिक धरोहर र वातावरणीय सन्तुलन दुवैलाई बचाउन सक्छौं । स्थानीय स्तरमा गोरु जोतेर गरिने खेतीलाई प्रोत्साहन गर्ने, जैविक खेतीमा जोड दिने र सरकारले किसानहरूलाई परम्परागत कृषि प्रणाली अपनाउन प्रोत्साहित गर्ने नीति ल्याउन सके यस क्षेत्रको मौलिकतालाई बचाउन सकिन्छ । यस प्रकार, गोरु जोतेर खेती गर्ने परम्पराको संरक्षणले हाम्रो पुरानो संस्कृतिको सम्मान मात्र होइन, वातावरणीय सन्तुलन र ग्रामीण अर्थतन्त्रको दीर्घकालीन लाभलाई पनि बचाइराख्न मद्दत गर्नेछ ।

## अमेरिकाले बी-५२ बमवर्षक विमान तैनाथ गरेकोमा इरानको आपत्ति



**काठमाडौं/एजेन्सी–** इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माईल बघाईले इरानमा बी-५२ बमवर्षक विमान तैनाथ गरिएपछि अमेरिकाको आलोचना गरेका छन् । 'यस क्षेत्रमा अमेरिकाको उपस्थिति अस्थिर उपस्थिति भएको हाम्रो बुझाइ रहेको छ,' बाघाईले एक पत्रकार सम्मेलनमा भने, 'यसले आफ्नो रक्षा गर्ने (इरानको) संकल्पलाई रोक्न सक्दैन ।'

अमेरिकी सेनाले शनिबार मध्यपूर्वमा बी-५२ बमवर्षक विमान तैनाथ गरिने चेतावनी इरानलाई दिएको छ । अक्टोबर १ मा इरानले गरेको क्षेप्यास्त्र आक्रमणको बदलामा इजरायलले इरानसमर्थित लडाकू नेता र रिभोल्युसनरी गार्डका कमाण्डरको हत्या गरेको थियो भने यसको बदलामा पुनः इजरायलले इरानविरूद्ध आक्रमण गरेको थियो ।

उक्त आक्रमणमा परी कम्तीमा चार सैनिकको मृत्यु हुनुका साथै केही राडार प्रणालीमा 'सीमित क्षति' पुगेको अधिकारीहरूले बताएका छन् । इरानी सञ्चारमाध्यमले पनि एक जना सर्वसाधारणको मृत्यु भएको जनाएका छन्। बघाईले इरानको प्रतिक्रिया 'निश्चित र निर्णायक' हुने बताएका छन् ।

इरानसमर्थित हमास र हिजबुल्लाह सशस्त्र समूहसँग इजरायल युद्धरत गाजा र लेबनानमा युद्धविरामका लागि दबाब दिन इरानले 'सबै पहल र प्रयास'लाई समर्थन गरेको उनले बताए ।

इजरायलले अक्टोबर २६ मा इरानको प्रतिरक्षा क्षमता र क्षेप्यास्त्र उत्पादनलाई लक्षित गरी आक्रमण गरेको बताएको थियो । सोमबार इरानका राष्ट्रपति मसूद पेजेशकियानले इरानसँग क्षेप्यास्त्र रहेको भन्दै इजरायलले हामीमाथि आक्रमण गर्ने आँट नगर्ने बताएका थिए । पत्रकार सम्मेलनमा बघाईले इरानले आणविक सिद्धान्त परिवर्तन नगर्ने र आणविक अस्त्रको अनुसरण नगर्ने आधिकारिक अडान यथावत रहेको बताए ।

इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीको हालैको सम्बोधनलाई उद्धृत गर्दै बघाईले इस्लामिक गणतन्त्र इरान आफ्नो रक्षाका लागि आवश्यक सबै कुराबाट सुसज्जित हुने बताएका थिए ।

# भारतमा बस दुर्घटना, ३६ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** भारतको उत्तराखण्डमा सोमबार बस दुर्घटना हुँदा ३६ जनाको मृत्यु भएको छ । प्रहरी अधिकारीका अनुसार दुर्घटना उत्तराखण्ड राज्यको अल्मोडा जिल्लाको मार्चुला क्षेत्रमा सोमबार बिहान ८:३० बजे दुर्घटना भएको हो । मार्चुला भारतको पहाडी राज्य उत्तराखण्डको पर्यटकीय गन्तव्य हो ।

दुर्घटनामा थप केही व्यक्ति घाइते भएका र घाइतेमध्ये गम्भीर चोट लागेका तीन जनालाई हवाइ उद्धार गरी देहरादून लगिएको छ । सरकारी उद्धार टोलीले सार्वजनिक गरेको तस्बिरमा बसको भग्नावशेष बाक्लो झाडीमा देखिएको छ भने गाडीको अगाडिको भागमा पूर्णरूपमा क्षति भएको छ ।

उत्तरी राज्य उत्तराखण्डका एक



वरिष्ठ अधिकारी दीपक रावतले भने, 'अहिलेसम्म ३६ जनाको मृत्यु भएको पुष्टि भएको छ । गम्भीर घाइते भएका तीन जनालाई हेलिकप्टरमार्फत अस्पताल लगिएको छ ।'

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुर्घटनाका कारण आफ्ना प्रियजन गुमाएकाहरुप्रति गहिरो समवेदना व्यक्त गरेका छन् । प्रधानमन्त्रीको कार्यालयबाट जारी एक विज्ञप्तिमा मृतकका परिवारलाई दुई लाख भारतीय रूपैयाँ र घाइतेलाई ५० हजार भारतीय रूपैयाँ सहयोग स्वरुप दिने जनाएको छ ।

उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले अल्मोडा बजार नजिकैको जंगलमा भएको उक्त दुर्घटनाबारे अनुसन्धान गर्न निर्देशन दिइसकिएको बताएका छन् । भारतको पहाडी इलाकामा सडकको दुरावस्था, पुराना यातायातका साधन र चालकको लापरबाहीका कारण हुने दुर्घटनाका कारण हरेक बर्ष सयौं व्यक्तिको अकालमा मृत्यु हुने गरेको छ ।

# टोरन्टो नजिकैको मन्दिरमा भएको हिंसाको प्रधानमन्त्री ट्रुडोद्वारा निन्दा

**काठमाडौं/एजेन्सी–** क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले आइतबार टोरन्टो नजिकैको एक हिन्दू मन्दिरमा भएको हिंसालाई 'अस्वीकार्य' भन्दै निन्दा गरेका छन् । टोरन्टोबाट करिब ५० किलोमिटर उत्तरपश्चिममा रहेको ब्राम्पटन सहरका स्थानीयको प्रदर्शनका क्रममा शान्ति कायम गर्न हिन्दू सभा मन्दिर बाहिर ठूलो संख्यामा सुरक्षाकर्मी तैनाथ गरिएको बताएका छन् ।

पील रिजनल पुलिसका प्रवक्ताका अनुसार अहिलेसम्म हिंसात्मक कार्यमा सहभागी भएका कसैलाई पनि पक्राउ गरिएको छैन । प्रहरीले हिंसामा कुनै समूहको संलग्नता रहेको किटानीसाथ आरोप लगाउन अस्वीकार गरेको छ ।

'ब्रैम्पटनस्थित हिन्दू सभा मन्दिरमा भएको हिंसात्मक कार्य अस्वीकार्य छ। प्रत्येक क्यानेडियालीलाई आफ्नो विश्वासलाई स्वतन्त्र र सुरक्षित रूपमा अभ्यास गर्ने अधिकार छ,' ट्रुडोले एक्समा लेखेका छन्।

एक संघीय सांसद तथा ट्रुडोको लिबरल पार्टीका सदस्य चन्द्र आर्याले भारतको पञ्जाब राज्यमा स्वतन्त्र सिख मातृभूमिका लागि पृथकतावादी आन्दोलनका समर्थकहरूलाई संकेत



गर्दै 'खालिस्तानी'लाई यो घटनाका लागि जिम्मेवार ठहऱ्याएका छन् ।

ओटावाले सन् २०२३ मा भ्यानकुभरमा ४५ वर्षीय अंगीकृत क्यानेडियाली नागरिक हरदीप सिंह निज्जरको हत्यामा भारत सरकारले षडयन्त्र गरेको आरोप लगाएपछि क्यानडा र भारतबीचको सम्बन्धमा खटपट आएको छ ।

निज्जरको हत्यापछि क्यानडाले भारतमाथि क्यानडाको भूमिमा सिख कार्यकर्ताहरूलाई लक्षित गरी व्यापक अभियान चलाएको आरोप लगाएको छ ।

'क्यानडाका खालिस्तानी अतिवादीहरूले आज सुरक्षाको सीमा पार गरेका छन्,' आर्याले एक्समा लेखेका छन्।

'ब्राम्पटनस्थित हिन्दू सभा मन्दिर परिसरभित्र क्यानेडियाली हिन्दू भक्तजनमाथि खालिस्तानीहरूले गरेको आक्रमणले क्यानाडामा खालिस्तानी हिंसात्मक अतिवाद कति गहिरो र निर्लज्ज भएको छ भन्ने देखाउँछ,' उनले भने ।

सामाजिक सञ्जालमा भाइरल भएको भिडियोमा खालिस्तानको पहेँलो झण्डा बोकेका व्यक्तिहरू भारतीय झण्डा बोकेका व्यक्तिसहित एक प्रतिद्वन्द्वी समूहसँग भिडन्त गरिरहेको देखिन्छ ।

ट्रुडोले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले क्यानडाको सार्वभौमिकताको उल्लंघन गरेको आरोप लगाएका छन् ।

भारतले उक्त आरोप अस्वीकार गर्दै आएको छ । दिल्ली र ओटावाले यसै महिनाको सुरुमा एकअर्काका राजदूत र अन्य वरिष्ठ कूटनीतिज्ञलाई निष्कासन गरेका थिए ।

## इजरायलद्वारा युएनआरडब्लुएसँगको सम्बन्ध तोड्ने घोषणा



**काठमाडौं/एजेन्सी–** इजरायलले प्यालेस्टिनी शरणार्थीको लागि सहयोग गर्ने गाजास्थित राष्ट्रसंघीय निकाय (युएनआरडब्लुए) सँग सम्बन्ध तोड्ने निर्णय औपचारिक रूपमा संयुक्त राष्ट्र संघसमक्ष सोमबार पेस गरेको छ । इजरायली विदेश मन्त्री इजरायल काट्जको निर्देशनमा, विदेश मन्त्रालयले इजरायल र यूएनआरडब्लुए बीचको सम्झौता रद्द भएको संयुक्त राष्ट्रलाई सूचित गरेको विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ ।

विदेशमन्त्री काट्जले युएनआरडब्लुएका कर्मचारीहरूले गत अक्टोबरको नरसंहारमा भाग लिएको दावी गर्दै उनीहरूलाई हमासका कार्यकर्ता तथा गाजा पट्टीको समस्याको हिस्साको रुपमा व्याख्या गरेका छन् । यद्यपि कुनै प्रमाण भने पेस गएिको छैन ।

इजरायली संसदले गत महिना इजरायल र पूर्वी जेरुसेलममा युएनआरडब्लुएलाई प्रतिबन्धित गर्ने प्रस्तावलाई अनुमोदन गरेको थियो । उक्त कार्यको इजरायलको सहयोगी अमेरिकासहित अन्तर्राष्ट्रिय समुदायद्वारा निन्दा भएको थियो ।

प्यालेस्टिनी क्षेत्रहरूमा शरणार्थीलाई सात दशकभन्दा बढी समयदेखि आवश्यक सहायता प्रदान गर्ने राष्ट्रसंघीय एजेन्सीको प्रतिबन्ध कार्यान्वयन गरियो भने गाजामा थप मानवीय संकट थपिने विज्ञहरूले जनाएका छन् ।

यद्यपि, काट्जले उक्त तर्कलाई अस्वीकार गर्दै यूएनआरडब्लुएले गाजामा सहयोगको केही अंश मात्र पुऱ्याइरहेको बताए । इजरायल अन्तर्राष्ट्रिय कानूनप्रति प्रतिबद्ध रहेको जिकिर गर्दै काट्जले इजरायली नागरिकको सुरक्षालाई असर नगर्ने गरी गाजा पट्टीमा मानवीय सहायतालाई सहज बनाउने बताएका छन् ।

युएनआरडब्लुए र अन्य मानवीय संस्थाहरूले इजरायली अधिकारीलाई गाजामा सहायता प्रवाह प्रतिबन्धित गरेको आरोप लगाएका छन् । गाजामा रहेका करिब २४ लाख मानिसहरू युद्धको समयमा कुनै न कुनै रूपमा विस्थापित भएका छन् ।

## पाकिस्तानको लाहोरमा प्रदूषणका कारण विद्यालय बन्द

**काठमाडौं/एजेन्सी–** पाकिस्तानको दोस्रो ठूलो शहर लाहोरले लाखौं बालबालिकालाई खतरनाक मानिएको भन्दा कैयौं गुणा बढी धुवाँको चपेटामा पर्न नदिन एक हप्ताका लागि प्राथमिक विद्यालय बन्द गर्ने निर्णय गरेको सरकारी अधिकारीले आइतबार बताएका छन् । एक करोड ४० लाख जनसङ्ख्या भएको यो सहर डिजेल धुवाँ, मौसमी कृषि जलनबाट निस्कने धुवाँ र जाडोको चिसोपनले केही दिनदेखि धुवाँधुलो, कुहिरो र प्रदूषकको मिश्रणले ढाकिएको छ । प्रदूषकको दायरा मापन गर्ने वायु गुणस्तर सूचकांक, शनिबार एक हजार भन्दा बढी अर्थात 'खतरनाक' मानिएको ३०० को स्तर भन्दा धेरै माथि पुगेको आईक्यू एयरको तथ्यांकले देखाएको छ । पञ्जाब सरकारले पनि आइतबार वायु गुणस्तर सूचकाङ्क शनिबार एक हजार भन्दा बढी पुगेको जनाएको छ । 'आगामी ६ दिनको मौसम पूर्वानुमानले हावाको ढाँचा उस्तै रहने देखाएको छ। त्यसैले हामी लाहोरका सबै सरकारी र निजी प्राथमिक विद्यालय एक हप्ताका लागि बन्द गर्देछौं,' लाहोरका वरिष्ठ वातावरण संरक्षण अधिकारी जहाँगीर अनवरले एएफपीलाई बताए ।

स्थानीय सरकारको निर्णयमा सोमबारदेखि शनिबारसम्म एक हप्ताका लागि बन्द रहने छन् ।

## भारतको अडानी समूहद्वारा बंगलादेशतर्फ आपूर्ति भएको बिजुलीमा कटौती




**काठमाडौं/एजेन्सी–** भारतीय अडानी समूहले बंगलादेशमा करिब ८५ करोड अमेरिकी डलर को बक्यौता बिल तिर्न बाँकी रहेको भन्दै सीमापार विद्युत आपूर्तिलाई आधा घटाएको विद्युत अधिकारीहरूले आइतबार बताएका छन् ।

बंगलादेश विद्युत विकास बोर्ड (बीपीडीबी)का अध्यक्ष रेजाउल करिमले आइतबार एएफपीसँग भने, 'हामी अन्य प्लान्टहरू चलाएर यो खाडल पूरा गर्ने प्रयास गरिरहेका छौं ।'

भारतको झारखण्ड राज्यमा रहेको अडानीको कोइलाबाट चल्ने गोड्डा प्लान्टले बंगलादेशको १३ गिगावाटको बेसलोड बिजुलीको मागको सातदेखि १० प्रतिशतसम्म आपूर्ति गर्छ । तर अडानीले सेप्टेम्बरमा ढाकालाई लगभग ८५० मिलियन डलर बराबरको यसको बिलहरू तिर्न सूचना जारी गरेको थियो ।

त्यतिबेला अडानी समूहले यसलाई 'अस्थिर अवस्था' भनेको थियो । समूहले भनेको थियो, 'हाम्रो आपूर्ति प्रतिबद्धता मात्र होइन, हाम्रा ऋणदाता र आपूर्तिकर्ताहरूसँगको प्रतिबद्धता पनि पूरा गरिरहेका छौं ।' अडानीले आइतबार तत्काल कुनै प्रतिक्रिया दिएका छैनन् ।

करिब १७ करोड जनसंख्या भएको बंगलादेशले भुक्तानीका लागि डलर जुटाउन संघर्ष गरिरहेको छ । करिमले भने, 'एक महिनामा कुल भुक्तानी गर्न सम्भव छैन । तर हामी क्रमशः भुक्तानीको आकार बढाउने प्रयास गरिरहेका छौं । हामी अडानी समूहसँग यस विषयमा छलफल गरिरहेका छौं र उनीहरूलाई सूचित गरेका छौं ।'

करिमका अनुसार बंगलादेशले अक्टोबरमा अडानी समूहलाई नौ करोड ७० लाख अमेरिकी डलर तिरेको थियो, जुन अघिल्लो तीन महिनाको भुक्तानीभन्दा बढी हो ।

सामान्यतया नोभेम्बरमा माग कम हुन्छ । बंगलादेशीहरू चिसोका लागि ऊर्जाशक्तिबाट चल्ने एयर कन्डिसनरमा निर्भर हुन्छन् । यहाँ महिनौंको चर्को गर्मीपछि नाभेम्बरमा अपेक्षाकृत चिसो मौसम शुरु हुन्छ ।'

शुक्रबार अडानीको गोड्डा प्लान्टले एक हजार ४९६ मेगावाटको स्थापित क्षमताको तुलनामा ७२४ मेगावाट आपूर्ति गरेको थियो भने बंगलादेशले करिब एक हजार ६८० मेगावाट लोडसेडिङको सामना गर्नुपरेको थियो ।

बंगलादेशले भारतको पश्चिम बंगाल र त्रिपुराराज्यबाट एक हजार १६० मेगावाट विद्युत आयात गर्दै आएको छ ।

## अमेरिकी महिला मार्चमा हजारौंद्वारा गर्भपतन अधिकारको आवश्यकतामा जोड



**काठमाडौं/एजेन्सी–** चुनावको तीन दिनअघि हजारौं महिला शनिबार वासिङ्टनमा उत्रिएर डेमोक्रेटिक उम्मेदवार कमला ह्यारिस र प्रजनन स्वास्थ्य सेवामा पहुँचका लागि उहाँको आह्वानप्रति जोडदार समर्थन प्रदर्शन गरेका छन् ।

उपराष्ट्रपतिले रिपब्लिकन डोनाल्ड ट्रम्पविरुद्धको आफ्नो ह्वाइट हाउस अभियानमा गर्भपतन अधिकारलाई केन्द्रीय मुद्दा बनाएका छन् र वार्षिक महिला मार्चमा प्रदर्शनकारीहरूबीच यो विषय निरन्तर उठेको छ ।

'महिलाका रूपमा हाम्रो अधिकारको समर्थन गर्ने उम्मेदवारलाई मतदान गर्नु मेरो लागि सबैभन्दा महत्त्वपूर्ण कुरा हो,' उत्तर क्यारोलिनाबाट कार्यक्रममा सहभागी हुन आएकी १९ वर्षीया लिया ब्रुकरले भनिन् ।

उनले पहिले नै प्रारम्भिक मतदानमा आफ्नो मत खसालिसकेकको बताए । 'मेरो पहिलो मत एक महिलाका लागि थियो भन्ने कुरा धेरै सशक्त थियो,' उनले भनिन् । उनले 'यदि केटाहरू केटा नै हुन्छन् भने, महिलाहरू राष्ट्रपति हुनेछन्' भन्ने लेखिएको प्लेकार्ड बोकेकी थिइन् ।

अन्य प्लेकार्डमा 'मतदानले अवाञ्छित राष्ट्रपति रोक्छ' र 'महिलाको स्थान ओभल अफिसमा हो' जस्ता नाराहरू लेखिएका थिए । आयोजकहरूले करिब १५ हजार मानिसको उपस्थिति रहेको अनुमान गरेका छन् । अन्य अमेरिकी शहरमा पनि सहयोगी मार्चहरू आयोजना गरिएका थिए । अमेरिकी क्यापिटलको गुम्बजलाई पृष्ठभूमिको रूपमा राख्दै फ्रिडम प्लाजामा वक्ताहरूले ६० वर्षीया ह्यारिसको समर्थनमा जोश भरेका थिए । 'हामी पछि फर्किंदैनौं !' ह्यारिसको अभियानको एउटा नारालाई दोहोऱ्याउँदै भीडले नारा लगायो । सत्तरी वर्षीया सेवानिवृत्त मार्लिन वाग्नर नेब्रास्काबाट आएकी थिइन् । उनले भनिन्, 'म मेरा नातिनातिना र मेरा बच्चाहरूका लागि आएकी हुँ किनभने म उनीहरूको भविष्यका लागि डराएकी छु ।'

उनको मध्यपश्चिमी राज्यमा गर्भावस्थाको १२औं हप्तापछि गर्भपतनमा प्रतिबन्ध लगाइएको छ । ट्रम्पले नियुक्त गरेका सर्वोच्च अदालतका न्यायाधीशहरूले सन् २०२२ मा गर्भपतनको राष्ट्रिय अधिकार समाप्त गर्ने निर्णयमा पुऱ्याएपछि यो प्रतिबन्ध आएको थियो । राष्ट्रपतीय मतदानसँगै हुने जनमत संग्रहमा १० राज्यमा गर्भपतन अधिकार मतपत्रमा छ ।

## इन्डोनेसियामा ज्वालामुखी विस्फोट हुँदा १० जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** पूर्वी इन्डोनेसियामा एक ज्वालामुखी विस्फोट हुँदा कम्तिमा दश जनाको मृत्यु भएको अधिकारीहरूले सोमबार जनाएका छन् । अधिकारीहरूका अनुसार प्रभावित क्षेत्रमा उच्च सतर्कता कायम गरिएको छ ।

फ्लोरेसको लोकप्रिय पर्यटक टापुमा अवस्थित माउन्ट लेवोटोबी लाकी-लाकीमा एक हजार ७०३ मिटरको दुइटा ज्वालामुखी विस्फोट हुँदा प्रभावित क्षेत्रका बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको अधिकारीहरूले बताएका छन् ।

ज्वालामुखीले जलिरहेको चट्टान घरहरूमा फ्याक्न थालेपछि प्रभावित षेत्रका बासिन्दाहरूले आफुहरू भयभीत भएको बताएका छन् ।

इन्डोनेसियाको विपद् न्यूनीकरण एजेन्सी (बिएनपिबी) का प्रवक्ता अब्दुल मुहारीले पत्रकार सम्मेलनमा मृतकको संख्या पुष्टि गर्दै ज्वालामुखी विस्फोटबाट दश हजार २९५ जना प्रभावित भएको बताएका छन् । उनका अनुसार विस्थापितको संख्या अझै गणना भइरहेको छ ।

एएफपीले प्रसारण गरेको फुटेजमा ज्वालामुखी नजिकैका घरहरू बाक्लो खरानीले ढाकिएको र केही क्षेत्रमा आगो लागेको देखिएको छ । ज्वालामुखी नजिकै पाँचवटा गाउँ खाली गरिएको र हजारौं मानिस अन्यत्र शरण लिन बाध्य भएका छन् ।


**साउदीमा रोजगार** | कम्पनी: FAISAL FAHAD MOHAMMED AL RASHID CUSTOMS CLEARANCE ESTABLISHMENT शहर: Saudi
पूर्व स्वीकृत मिति: २०८१/०७/१४ चलानी नं.: ६०२२७४५२ L.T. No.: 313044

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vegetable & Fruit Preparation Labou | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २७ गते (12 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Confident International Manpower Pvt. Ltd. Govt. Lic. No. 1423/074/075
Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958, E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

**यूएईमा रोजगार** | कम्पनी: CHENOTH EMPLOYMENT - SOLE PROPRIETORSHIP LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०५/३० चलानी नं: ६०२२५३९३ LT. No.: 310857 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/labour | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician (General) | 50 | 0 | | 1200 | ४३८६० | | | | | | | |

अन्तर्वार्ता राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरमा मिति २०८१ कार्तिक २५ र २६ गते (10 & 11 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता अन्जली ट्रेनिङ सेन्टर, सुनसरीमा मिति २०८१ कार्तिक २७ गते (12 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


ईजाजत नं. ९३४/०६७/०६८
सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

**OMAN मा रोजगार** Masharie Al Kasbi Trad.
पूर्व स्वीकृती मिति: २०८१/०७/१३ चलानी नं. ६०२२७२९२ LT.No.312848

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Arabic Coffee Maker | 2 | काममा दक्ष | 170 | ५९,५००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Bakery /Pastery Maker | 2 | | 170 | ५९,५००/- | | | | | | | |
| ३. | Coffee Cook | 3 | | 170 | ५९,५००/- | | | | | | | |
| ४. | Confectioners | 3 | | 170 | ५९,५००/- | | | | | | | |
| ५. | Dish Wash Man | 1 | | 170 | ५९,५००/- | | | | | | | |
| ६. | Head Waiter/Waiteress or Labour Supervisor | 2 | | 170 | ५९,५००/- | | | | | | | |
| ७. | Waiter Coffee Shop/ (Cook/Confectioner Assistant) Motor Cycle | 3 | | 170 | ५९,५००/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ कार्तिक २८ गते (13 Nov., 2024) विर्तामोड, झापामा र २०८१ कार्तिक २७ गते (12 Nov., 2024) यस प्रा. लि. को कार्यालय नक्साल, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [illegible]

SPEEDWINGS Human Resource
Govt. Lic. No. 1591/079/080
SPEED WINGS HUMAN RESOURCE PVT. LTD.
Naxal, Kathmandu, Tel.: 01-5912876, Birtamod, Jhapa : 9810226012, 9807070229, Website: speedwingshr.cpm, Email: info@speedwingshr.com

# बक्स अफिस समाचार

## नेपाली चलचित्रका लागि चाडपर्व सुखद



**काठमाडौं/मस-** नेपाली चलचित्रका लागि चाडपर्व सुखद देखिएको छ। दशैं र तिहारमा हलसँगै 'ओभर दी टप' (ओटीटी)का विभिन्न माध्यममार्फत प्रदर्शन गरिएका नेपाली चलचित्रमा दर्शकले साथ दिएका छन्।

विदेशीको तुलनामा नेपाली चलचित्रको व्यापार दशैं र तिहारमा उच्च रहेको चलचित्र वितरक करण श्रेष्ठले बताए। 'फिल्म हलमा नेपाली चलचित्र हेर्ने दर्शकको संख्या बढेको छ। गत दशैं हलहरुमा नेपाली चलचित्रमय बन्यो, तिहारमा पनि उस्तै देखिएको छ,' उनले भने।

दशैं लक्षित प्रदर्शन गरिएका 'छक्का पञ्जा-५' र '१२ गाउँ'ले बक्सअफिसमा राम्रो व्यापार गऱ्यो। चलचित्र 'ज्वाइँ साब'ले पनि दर्शकको साथ पायो। तिहार लक्षित प्रदर्शन गरिएको चलचित्र 'पूर्णबहादुरको सारङ्गी'ले पनि राम्रो व्यापार गरिरहेको छ। यस चलचित्रमा पहिलोपटक शीर्ष भूमिकामा देखिएका अभिनेता विजय बराल दर्शकबाट प्राप्त मायाले दंग छन्। 'दर्शकहरुले माया गर्नुभएको छ। यो मेरा लागि नौलो अनुभव हो। मलाई विश्वास गर्ने निर्माण समूह र साथ दिनुहुने दर्शक प्रति कृतज्ञ छु,' अभिनेता बरालले भने।

चलचित्र भवनसँगै ओटीटीमा समेत नयाँ चलचित्र प्रदर्शन गरियो। हलबाट उतारेर निर्देशक निश्चल बस्नेतले चलचित्र 'मेघौली फ्रम बेहुली' लाई ओटीटीमा ल्याए। यसले नेपाली निर्मातालाई आम्दानीको नयाँ स्रोत थपेको चलचित्रकर्मीको भनाइ छ।

चलचित्र 'महापुरूष' तिहार लक्षित गरी युट्युबमा सार्वजनिक गरिएको थियो। यसअघि ओटीटीमा सार्वजनिक भएको यस चलचित्रलाई दर्शककै अनुरोधमा युट्युबमा ल्याइएको निर्माता तथा कलाकार रवीन्द्रसिंह बानियाँले जानकारी दिए। उनले भने, 'चलचित्र भवन र ओटीटीपछि हामीले युट्युबमा सार्वजनिक गरेका हौं।'

दशैं तिहारमा चलचित्र भवनमा अन्य समयको तुलनामा राम्रो व्यापार हुनुका साथै घरमै चलचित्र हेर्ने दर्शकको संख्या वृद्धि भएको छ। त्यसैले यो समयमा चलचित्रलाई दर्शकसम्म पुऱ्याउन निर्माता उत्साहित देखिने गरेका छन्।

## अरुण लामाको निर्देशनमा 'डोरी' बन्ने





**काठमाडौं/मस-** जी सेभेन प्रोडक्सनको ब्यानरमा निर्माण हुने नयाँ नेपाली चलचित्र 'डोरी' निर्माण घोषणा गरिएको छ। तिहारको अवसर पारेर शुक्रबार थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको निर्माण घोषणा गरिएको हो। हरर, थ्रिलर, एक्सन र कमेडीको मिश्रणमा निर्माण हुन लागेको यस चलचित्रलाई अरुण लामाले निर्देशन गर्नेछन्। यसअघि विभिन्न लघु फिल्म र वृत्तचित्र निर्देशन गरिसकेका लामाको यो पहिलो फिचर फिल्म हुनेछ।

फिल्ममा प्रवीण खतिवडा, शिशिर बाङ्गदेल, कविता आले, राज पौडेल, विशाल राई, मिलन राई, नूतन, वीरेन्द्र सिंह कुशवाहा लगायतको अभिनय रहनेछ। फिल्मका लागि अभिनेत्रीको भने टुंगो लागिसकेको छैन। यसमा निर्देशक लामा स्वयंको लेखन छ भने स्क्रिप्टलाई अझ प्रभावकारी बनाउन मनोज पण्डितले डक्टरिङ गरेका छन्।

निर्देशक लामाले फिल्मले नयाँ शैलीको कथा प्रस्तुत गर्ने दाबी गरे। उनका अनुसार फिल्ममा हाँसो, त्रास र असफलतासहितको संघर्षलाई रोचक तरिकामा प्रस्तुत गरिनेछ। यसको निर्मातामा 'मिस्टर एक्स' रहेका छन् भने कार्यकारी निर्माता राज थापा हुन्। फिल्ममा सौरभ लामाको छायाँकन रहनेछ।

## मधेश–पहाडको कथा र सौन्दर्यमा 'केटी हराएको सूचना'



**काठमाडौं/मस-** वृतचित्र 'उजेली', 'हाम्रो मुमिन'लगायत निर्देशन गरेर परिचित भएका निर्देशक दीपेन्द्र गौचनले ठूलो पर्दाका लागि चलचित्र 'मिसिङः केटी हराएको सूचना' निर्देशन गरेका छन्। झन्डै ३२ वर्षपछि चलचित्रकर्ममा फर्किनुभएका निर्देशक गौचनले पहाडी समुदायको केटा र मधेशी समुदायकी केटीको रहनसहन तथा मेलमिलापको विषयवस्तुलाई पर्दामा ल्याएको बताए।

'म तराईको सौन्दर्य र यसको समृद्ध सांस्कृतिक विविधता देखाउन चाहन्थेँ। किनकि पहाडी र हिमाली क्षेत्रका धेरै कथा पर्दामा आएका छन्। जसरी उजेलीको चर्चा हुन्छ, त्यसरी नै केटी हराएको सूचनालाई पनि आउँदा धेरै वर्षसम्म सम्झिरहने गरी बनाउने कोसिस गरेको छु,' उनले भने। निर्देशक गौचनले सामाजिक सञ्जालबाट भेटिएका दुई पात्रबीच यात्रामा निस्किँदा आउने उतारचढाव, भौगोलिक सांस्कृतिक विविधता र दुई फरक समुदायको मनोविज्ञानलाई चलचित्रमा समेटेको बताए। उनले चलचित्रका अधिकांश दृश्य अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठमै केन्द्रीत रहेको बताए। 'चलचित्रमा दुई पात्रको फरक भूगोल र मनोविज्ञानलाई देखाउन खोजेको हुँ, त्यहि भएर अधिकांश दृश्यमा उहाँहरू नै हुनुहुन्छ। यो हाम्रो अहिलेको समयको कथा हो, जहाँ समाजभन्दा बढी सामाजिक सञ्जालमा रमाउने प्रचलन बढिरहेको छ। चलचित्रले हामीलाई आफूभित्रको खुसी खोज्न प्रेरित गर्छ,' निर्देशक गौचनले भने।

चलचित्रमा अभिनेता हुसेन राम र अभिनेत्री श्रेष्ठ सीताको भूमिकामा छन्। अभिनेता हुसेनले यसपटक आफूले शून्यतामा रहेर अभिनय गरेको बताए। उनले भने, 'हामीलाई काम गर्ने प्रस्ताव आउँदा भूमिकाबारे भनिन्छ, त्यसलाई निर्देशक र लेखकको सहयोगमा तयार गरिन्छ। म आफैं तराईको भएकाले आफ्नो पात्रलाई तयार गरेको थिएँ तर निर्देशक गौचनले मलाई 'न्युट्रल' बस्न सुझाव दिनुभयो। त्यसकारण यो रामको पात्र एकदमै सरल र जीवन्त देखिएको छ। यो मेरो लागि नयाँ अनुभव पनि हो।'

अभिनेत्री श्रेष्ठले यस चलचित्रमा गरिएको काम आफ्नो लागि अहिलेसम्म कै उत्कृष्ट रहेको बताइन्। 'मेरो पात्र निर्माणसँगै छायाँकनमा पाएको स्पष्टता र सरलता अहिलेसम्मकै उत्कृष्ट अनुभव रह्यो। यो हामीले नजरअन्दाज गरिरहेको एउटा विषय हो,' उनले भनिन्। ट्राई सिटी पिक्चर्स प्रस्तुतकर्ता रहेको चलचित्रमा सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल, ओमप्रकाश कर्णलगायत कलाकारले अभिनय गरेका छन्।


### भूल सुधार

मिति २०८१/०७/१५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगारको अवसर शिर्षक, कम्पनी नामः **INITIAL SAUDI ARABIA LTD., L.T. No.: 313014,पूर्व स्वीकृत मितिः २०८१/०७/१४ गतेको** विज्ञापनमा चलानी नं.: **६०२२७४२७** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

EQUATOR INTERNATIONAL (P.) Ltd. LIC. NO. 746/064/065
कार्यालयः गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470

### अधिकृत वारेशनामा बदर गरिएको सूचना

जि.पर्सा बिश्रामपुर गा.वि.स.वडा नं.७ हाल कायम जि.पर्सा बहुदरमाई न.पा. वडा नं.९ बस्ने सामलाल सा कलवारको नाती नागेन्द्र प्रसाद कलवारको छोरा बर्ष ३७ को सुनिल गुप्ता(ना.प्र.नं.१६५५३३८० जा.मिति २०६३/५/१, पर्सा ) ले जि.पर्सा पिडारीगुठी गा.वि.स. वडा नं.४ हाल कायम जि.पर्सा जगरनाथपुर गा.पा. वडा नं.१ बस्ने बाबुराम साह तेलीको नाति कासि साह तेलीको छोरा बर्ष ५९ को नन्दलाल साह तेली(ना.प्र.नं.७३१८१३३९ जा.मिति २०५१/२/२५, पर्सा) लाई पर्सा जिल्ला अदालतमा बिचाराधिन रहेको मु.नं.२०८१-cp-००३४ लेनदेन मुदामा मेरो हकमा मुदाको सम्पूर्ण काम कार्यवाही गर्न पर्सा जिल्ला अदालतबाट मिति २०८१/५/१६/१ मा गरिदिएको अधिकृत वारेशनामाको अब कुनै आवश्यकता नरहेकोले मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५ को उपदफा १ को (ग) बमोजिम यसै सूचनाले आजका मितिबाट बदर गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०७/२०**

एस.जि.हस्पिटालिटी एण्ड सर्भिसेज प्रा.लि को २०८१/०६/०१ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कुलुङ इन्फ्रास्ट्रक्चर सर्भिसेज प्रा.लि. (प्रा.लि. नं.: २८३३८४)** कायम गर्ने गरी मिति २०८१/०७/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### भूल सुधार

मिति २०८१/०७/१५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित , कम्पनी नामः **RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY, L.T. No.: 312915,** चलानी नं.: **६०२२७३३२, पूर्व स्वीकृत मितिः २०८१/०७/१३ गतेको** विज्ञापनमा साइप्रसमा रोजगारको अवसर शिर्षक हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

HELP OVERSEAS PVT.LTD. श्रम इजाजत नं. ४६४/०६०/०६१
Ringroad Nayabato Chowk, Lalitpur, Nepal | Tel phone no: 01-5433477 Mobile no:- 9860566159
Email id:- helpovrseascvs@gmail.com ,helpovrseas@gmail.com

### साउदीमा रोजगारको अवसर

कम्पनी : CAFE ASAN FOR BEVERAGES
शहर : KSA
पूर्व स्वीकृत मितिः २०८१/०७/१४ चलानी नं.: ६०२२७४५८ L.T. No.:313005

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food & Beverage Controller | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २७ गते (12 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम ईजाजत नं. २९९/०५८/५९
इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.
१७१ चेतनशिल मार्ग, कपुरधारा-२६, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: employmentlinknepal.document@gmail.com / Website : employmentlinknepal.com


### Masta Rural Municipality
### Office of the Rural Municipal Executive
Bhatekhola, Bajhang
Sudurpaschim Province

**Invitation for Bid**

**Date of publication: 5th Nov 2024**

1. *The Masta Rural Municipality Bhatekhola,Bajhang invites Online Bids from eligible bidders for the Construction of the following works.*

| Contract Identification no. | Description Of Work | Estimated Amount (Exclusive VAT) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| MRM-SQ1-2081/82-04 | Procurement and Supply Medicine | **20,60,179.39/-** | 1000/- | 55,000/- | 45days | |
| MRM-SQ2-2081/82-05 | Procurement and Supply to Medicine for Live Stock Branch. | **10,00,080/-** | 1000/- | 25,000/- | 45 days | |
| MRM-SQ3-2081/82-06 | Procurement of Good For Store Branch | **6,92,220.00/-** | 100/- | 20,000/- | 45 days | |

2. *Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .*

| Last Date and Time For Bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date:Nov-20,2024 12:00 Noon | Date:Nov-20,2024 12:00 Noon | Date:Nov-20,2024 13:00 Hour |

| Cash Deposit For Purchases of Bid Document | | Cash Deposit For Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Name | Masta Rural Municipality | Account Name | Masta Rural Municipality |
| Account Number | 4110100301010006 | Account Number | 4110100303000006 |
| Office Code | 801077010 | Office Code | 801077010 |
| Revenue Head | 31159 | Revenue Head | 31159 |

**Chief Administrative Officer**

### स्थानीय सरकार
### दुहवी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

**आशय पत्र माग गरिएको**

**सूचना प्रकाशित मिति :२०८१/०७/२० गते**

यस नगरपालिकाको सार्वजनिक निजी साझेदारी समितिको मिति २०८१ साल कात्तिक १३ गतेको बैठकको निर्णय, निर्देशन तथा यसै पालिकाको सार्वजनिक निजी साझेदारी इकाइको मिति २०८१ कात्तिक १३ गतेको निर्णयबमोजिम दुहवी नगरपालिकाको स्वामित्वमा वडा नं. ५ मा रहेको कि.नं. ४३३ को ज.वि. ८ कठ्ठा १५ धुर खाली जमिनमा "**व्यावसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन योजना**" सार्वजनिक निजी साझेदारीमा निर्माण/सञ्चालन तथा व्यवस्थापन गरिने भएकाले इच्छुक लगानीकर्ता तथा साझेदारहरुको योग्यता क्रम निर्धारणका लागि योग्य लगानीकर्ता व्यक्ति, संस्था, फर्म, कम्पनी, निकाय वा समुदायबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तल उल्लेख भएको विवरण र कागजातसहित यस कार्यालयको पूर्वाधार तथा शहरी विकास शाखामा सोझै दर्ता हुने गरी सिलबन्दी आशय-पत्र पेस गर्नुहुन अनुरोध गरिन्छ। यसबारेमा केही बुझ्नु परेमा नगरपालिकाको पूर्वाधार तथा शहरी विकास शाखामा वा फोन नं. ०२५५४३०४९ वा ९८५२०४०४१२ मा सम्पर्क गर्नुहुन समेत सूचीत गरिन्छ।

**क. आशय-पत्र माग गरिएको योजनाको संक्षिप्त विवरणः**

१. योजनाको नामः "व्यावसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन"
२. प्रस्तावित योजनाको संक्षिप्त विवरणः दुहवी नगरपालिकाको स्वामित्वमा यसै पालिकाको वडा नं ५ मा अवस्थित कि.नं. ४३३ को ज.वि. ८ कठ्ठा १५ धुर खाली जग्गामा सार्वजनिक निजी साझेदारीमा दुहवी नगरपालिका र सम्बन्धित लगानीकर्ता साझेदारबीच यस पालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८० र कार्यविधि २०८१ को अधिनमा रही सम्झौता गरी "**व्यावसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन**" गरिने छ।
३. प्रस्तावित योजनाको खर्च व्यहोर्ने स्रोतः जग्गा जमिन नगरपालिकाको स्वामित्वको रहने छ भने व्यावसायिक भवनको निर्माण, सञ्चालन तथा व्यवस्थापन साझेदारले पेस गर्ने आशय-पत्र र प्रस्तावको आधारमा सम्भावनाको समेत अध्ययन गरी यसै नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, को दफा ५ मा भएको व्यवस्थाका आधारमा नगरपालिकाको निर्णयबमोजिम एकल वा संयुक्त लगानीमा हुनेछ।
४. योजनाको निर्माण कार्य सम्पन्न गर्न लाग्ने समय सीमा तथा सञ्चालन व्यवस्थापनको अवधि संक्षिप्तरुपमा आशय-पत्रका साथ र पछि पेस गरिने विस्तृत प्रस्तावका साथ प्रस्तावकले पेस गरेको ड्रइङ डिजाइन, निर्माणका लागि प्रयोग हुने निर्माण सामग्री र निर्माण हुने भवनको आयुसमेतको विस्तृत अध्ययन गरी नगरपालिकाको निर्णयका आधारमा दुवै पक्षको सहमतिमा गरिने सम्झौताबमोजिम निर्धारण हुनेछ।
५. दुहवी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८० को दफा ५ को अधिनमा रही सम्बन्धित व्यावसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि एकल लगानीको आशय-पत्र तथा प्रस्तवालाई भने नगरपालिकाले प्रथम प्राथमिकता दिन सक्नेछ।

**ख. आशय-पत्रका साथ पेस गर्नुपर्ने विवरणहरु**

१. दुहवी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८० को दफा १७ बमोजिम आशय-पत्र पेस गर्दा दुहवी नगर पालिकाको सार्वजनिक निजी साझेदारी कार्यविधि, २०८१ को अनुसूची १ मा भएको व्यवस्थाबमोजिम साझेदारीको ढाँचा अन्तर्गत पूर्वाधारयुक्त संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापनका ढाँचाहरुमध्ये कुनै एक ढाँचा, ऐन को दफा ५ बमोजिम एकल वा संयुक्त लगानीको ढाँचामध्ये कुनै एक, लगानी स्रोतको सुनिश्चितताका आधारहरु र आफूले निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न चाहेको व्यावसायिक भवनको संक्षिप्त झलक तथा प्रारम्भिक ड्रइङ डिजाइनसमेत झल्कने गरी आवश्यक विवरणसहितको आशय-पत्र - १
२. आशय-पत्र पेस गर्नेको योग्यता प्रचलित ऐन तथा दुहवी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन तथा कार्यविधिमा भएको व्यवस्था बमोजिमको हुनुपर्नेछ।
३. आशय पत्र पेस गर्ने साझेदार कुनै फर्म वा कम्पनी वा निकाय भएमा सोको आधिकारिक कागजात तथा प्रमाण-पत्र साथै संगठनात्मक संरचना तथा विवरणहरु समावेश गर्नुपर्नेछ।
४. संयुक्त उपक्रमको रुपमा योजना कार्यान्वयन गर्ने भए संयुक्त उपक्रममा सहभागी हुनेहरुको नाम, ठेगाना, विवरण साथै उक्त उपक्रममा मुख्य भूमिका निर्वाह गर्नेको नाम र पदःJoint Venture को प्रावधान अनुसार पेस गर्नुपर्नेछ।
५. सम्बन्धित आशय-पत्रदाताले आफूले विगत ५ वर्षमा कार्यान्वयन गरेका वा सम्पन्न गरेका वा सञ्चालन व्यवस्थापन गरेका समान प्रकृतिका काम र स्थान भए सोसमेत उल्लेख गर्नुपर्नेछ।
६. प्रस्तावित योजना कार्यान्वयनमा समावेश हुने प्रमुख जनशक्तिको योग्यता र अनुभवको संक्षिप्त विवरण उल्लेख गर्नु पर्ने छ।
७. आशय-पत्रका साथ प्रस्तावित योजनाको निर्माण कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय सीमा र सञ्चालन व्यवस्थापन गर्नका लागि माग गरिएको समयावधि स्पष्ट उल्लेख गर्नुपर्नेछ।
८. आशय-पत्र पेस गर्नेको व्यक्तिगत विवरणसहितका कागजातहरु समावेश गर्नुपर्नेछ।
९. लगानी स्रोतको सुनिश्चितताको विश्वासिलो आधारको पुष्ट्याइँसहितका कागजात।

**नोटः**

१. आशय-पत्र पेस गर्नका लागि चाहिने आशय-पत्रको ढाँचा कार्यालयको Website मार्फत प्राप्त गर्न सकिने छ। साथै नगर कार्यपालिकाको कार्यालय, पूर्वाधार तथा शहरी विकास शाखामा सम्पर्क गरी लिन सकिनेछ।
२. आशय-पत्र पेस गर्न इच्छुक लगानीकर्ता तथा साझेदारले तोकिएको समय सीमाभित्र तोकिएको शाखामा दर्ता गरिसक्नुपर्नेछ, अन्याथा समय सीमा नाघेर आएका आशय-पत्रहरु स्वीकार गर्न नगरपालिका बाध्य हुने छैन।
३. आशय-पत्रका साथ माग गरिएबमोजिमका विवरणहरु पेस नभएका वा रित नपुऱ्याइ आएका आशय-पत्र स्वीकार गर्न तथा योग्यता क्रम तोक्न नगरपालिका बाध्य हुने छैन।
४. सामुदायिकरुपमा योजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने गरी समुदायबाट पेस गरिने आशय-पत्रको हकमा भने यस योजनामा सहभागी हुन चाहने सम्बन्धित सरोकारवालाको समूह गठनको निर्णय, सरोकारवालाको परिचय पत्रसहितको व्यक्तिगत विवरण र लगानी साझेदारीको मात्रा, साथै त्यसको सुनिश्चितता, समूहको नेतृत्व, नेतृत्वको जिम्मेवारी, स्पष्ट खाका र व्यावसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन प्रक्रिया र पद्धतिसहितको संयुक्त प्रतिबद्धता पत्र पेस गर्न अनिवार्य रहनेछ।
५. आशय-पत्र पेस गर्ने अन्तिम दिन कारणवस सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र आशय-पत्र दर्ता गर्न सकिने छ।
६. आशय-पत्र दर्ता गर्नका लागि लगानीकर्ता साझेदार स्वयं वा निजले तोकेको आधिकारिक प्रतिनिधिको उपस्थिति अनिवार्य रहने छ।

# वेष्ट इन्डिजका वाल्टनले कर्णाली याक्सबाट खेल्ने



**काठमाडौं/मस–** हिमालयन बिल्डर्स एण्ड इन्जिनियर्सको स्वामित्वमा रहेको कर्णाली याक्सले वेष्ट इन्डिजका चादविक एन्टोनिओ किर्कपाट्रिक वाल्टनलाई अनुबन्ध गरेको छ। शनिबार कर्णाली याक्सले जमैकाका ३९ वर्षीय दायाँ हाते शीर्ष क्रमका ब्याटरलाई भित्राएको घोषणा गर्यो । वाल्टन नेपाल प्रिमियर लिग खेल्ने कर्णाली याक्सका तेस्रो विदेशी खेलाडी हुन् ।

यसअघि नै हिमालयन बिल्डर्स एण्ड इन्जिनियर्सले पाकिस्तानका अलराउन्डर मोहम्मद हुसैन तलात र हङकङका बाबर हायतलाई अनुबन्ध गरेको थियो। तलातले पाकिस्तानको लागि १८ टी–२० आई खेलेका छन्। बाबरले हङकङको लागि ७९ टी–२० आईमा प्रतिनिधित्वि गरिसकेका छन्।

सन् २०१४ मा अकल्यान्डमा घरेलु टोली न्युजिल्यान्डविरुद्ध डेब्यु गरेका वाल्टनले १९ टी–२० आई खेल खेलेका छन् । जसमा दुई सय २५ रन बनाएका छन् । त्यस्तै, २ टेष्ट र ९ एकदिवसीय खेले खेलेका छन् ।

वाल्टनलाई अनुबन्ध गरेपछि कर्णाली याक्सका प्रशिक्षक ज्ञानेन्द्र मल्लले टिम थप मजबुद हुने आशा गरे। 'वाल्टन वेष्ट इन्डिजका अनुभवी ब्याटर हुन्। उनको आगमनपछि तीन विदेशी खेलाडी भएका छन्,' प्रशिक्षक मल्लले भने, 'टिम थप मजबुद भएको पाएको छु ।'

कर्णाली याक्सको मार्की खेलाडीमा राष्ट्रिय टोलीका अलराउन्डर सोमपाल कामी छन् । प्रतियोगिताका लागि कर्णाली याक्सले अक्सनबाट 'ए' श्रेणीमा राष्ट्रिय टोलीका गुल्शन झा, देव खनाल र नन्दन यावदलाई समावेश गरेको छ।

त्यस्तै, 'बी' श्रेणीमा अर्जुन घर्तीसहित रित गौतम, मौसम ढकाल र भुवन कार्की छन् । 'सी' श्रेणीबाट दीपेन्द्र रावत र युनिशविक्रम सिंह ठकुरीसँगै दीपक डुम्रे छन् ।

कर्णाली याक्सले हस्पिटालिटी पार्टनरमा होटल हिल्टनसँग सम्झौता गरिसकेको छ । प्रतियोगिता १५ मंसिरदेखि ६ पुससम्म हुनेछ ।

# म्याराथन दौड प्रतियोगिता सम्पन्न



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ कात्तिक

रौतहटको माधव नारायण नगरपालिका जिल्लास्तरीय १० किलोमिटर दौड प्रतियोगिता सम्पन्न भएको छ । नेपाल समाज विकास केन्द्र माधव नारायण नगरपालिका–२ खेसरहियाद्वारा आयोजित जिल्लास्तरीय १० किमी दौड म्याराथन प्रतियोगिता सम्पन्न भएको हो।

उक्त कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख बैजनाथ (बैजु) यादव, विशिष्ट अतिथि उप प्रमुख निर्मला देवी रमण, ई. नगेन्द्र प्रसाद यादव, नेपाल समाज विकास केन्द्र माधव नारायण नपा–२ खेसरहियाका अध्यक्ष नितेश कुमार यादवको अध्यक्षतामा प्रतियोगिता सम्पन्न भएको हो ।

श्री सरस्वती मा.वि. खेसरहियाको प्राङ्गणमा १५० जना प्रतिभागीमध्ये पुरुषतर्फ ५ जना कविन्द्र कुमार शर्मा, गरुडा–४ प्रथम, संदिप कुमार महतो, परोहा–३ द्वितीय, हरे कृष्ण राम, खेसरहिया–२ तृतीय, राहुल राम, गरुडा न.पा चौथो, अखलेश कुमार पटेल, देवाही गोनाही पाचौं, महिलातर्फ मृता कुमारी सहनी, गढो भगवानपुर–९ प्रथम, फुलकंचन सहनी गढो भगवानपुर द्वितीय, अनिसा कुमारी सहनी गढो भगवानपुर तृतीय, अमृता रजक १४३ खेसरहिया–२, मनिषा कुमारी यादव देवाही गोनाही पाचौं भएका छन् ।

# अन्तर वडा भलिबल आजदेखि




**काठमाडौं/मस–** खाँडादेवी खेलकुद विकास समिति–७ को आयोजनामा तेस्रो वडा अध्यक्ष अन्तर वडास्तरीय पुरुष भलिबल प्रतियोगिता मंगलबारदेखि हुने भएको छ। प्रतियोगितामा हालसम्म ८ टिमको सहभागिता निश्चित भइसकेको आयोजक टिमका प्रशिक्षक निर्मल योञ्जनले जनाएका छन्। प्रशिक्षक योञ्जनका अनुसार इच्छुकले आइतबारसम्म टिम दर्ता गर्न सक्ने छन्।

खाँडादेवी गाउँपालिका वडा ७ को प्रायोजनमा हुने प्रतियोगितामा शीर्ष ३ स्थानमा रहने टिमले क्रमशः ६० हजार, ४० हजार र २० हजार नगद पुरस्कार पाउने छन्। तीनदिने प्रतियोगिताका खेलहरु रामेछापस्थित खाँडादेवी गाउँपालिका वडा ७ को श्रीकृष्ण मावि, टिमुमा खेलाइने छ।

Local Government
**Lumbini Cultural Muncipality**
**Office of Municipal Executive**
Mahilwar, Rupandehi
Lumbini Province, Nepal

## INVITATION FOR BIDS (IFB)

**DATE OF PUBLICATION: 05-11-2024 AD**

1. Lumnini Sanskritk Nagarpalika, Office of Municipal Executive, Mahilwar, Rupandehi invites electronic bids for the construction of following works under NCB procedures. All other information and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid with the requested documents with in mentioned period.

| S. N. | Contract No/ Bid No | Description of Works | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Estimated amount | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|
| 1 | LCM-NCB-02-2081/82 | Procurement and Supply of Medicines and Surgical items | 75000 | 3,000/- | 2997844 | 08-12-2024, 12:00 |

**Chief Administrative Officer**

# सुदूरपश्चिम र कर्णाली विजयी



**विराटनगर/मस–** विराटनगरमा जारी नरेश श्रेष्ठ स्मृति वाईवाई पुरुष यु–१९ राष्ट्रिय एकदिवसीय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश आ–आफ्नो खेलमा विजयी भएका छन् । मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा सोमबार भएको खेलमा सुदूरपश्चिमले कोशी प्रदेशलाई एक सय २३ रनले तथा बैजनाथपुरको गिरिजाप्रसाद कोइराला खेल मैदानमा भएको खेलमा कर्णालीले मधेश प्रदेशलाई ४७ रनले पराजित गरेको हो ।

मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित ५० ओभरको खेलमा ४७ दशमलव चार ओभरमा सबै विकेट गुमाएर एक सय ८३ रन बनायो। सुदूरका लागि सुवराज खत्रीले ४४ रन, अभिषेक थापाले ३७ र नरेन भट्टले २४ रन बनाए। बलिङतर्फ कोशीका सौजन घिमिरेले चार तथा विपिन महतोले दुई विकेट लिए ।

एक सय ८४ रनको विजयी लक्ष्य पाएको कोशीले २२ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै मात्र ६० रन बनायो । कोशीका लागि सौजन घिमिरेले २६ तथा आशिष मगरले १३ रन बनाए । बलिङतर्फ सूदुरपश्चिमका लागि सचिन भट्टले पाँच तथा नरेन भट्टले चार विकेट लिए ।

यस्तै अर्को खेलमा टस जितेर ब्याटिङ गरेको कर्णालीले निर्धारित ५० ओभरको खेलमा ४५ ओभरमा सबै विकेट गुमाइ एक सय ३३ रनको योगफल बनायो । कर्णालीका लागि हीरालाल चनराले ४५, मनिस थापाले २२ रन र यूनिस ठकुरीले २१ रनको योगदान दिए । बलिङतर्फ मधेशका राजेश यादवले चार तथा अफ्रुदिन रैनले तीन विकेट लिए ।

एक सय ३४ रनको लक्ष्य पाएको मधेशले २७ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर ८६ रन मात्र बनायो । मधेशका लागि मयन यादवले १५ र जितेश मण्डलले १३ रन बनाए ।

बलिङतर्फ कर्णालीका विपीन शर्माले चार तथा यूनिस ठकुरीले तीन विकेट लिए । कर्णाली दुई अंकका साथ अन्तिम स्थानमा तथा मधेश प्रदेश चार अंकका साथ पाँचौं स्थानमा छ। मंगलबार बैजनाथपुरको गिरिजाप्रसाद कोइराला खेल मैदानमा लुम्बिनी र मधेश प्रदेशबीच तथा मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा बागमती र कर्णाली प्रदेशबीच खेल हुनेछ ।

**जापानमा रोजगार** GOKEI CLOUD COOPERATIVE SOCIETY

पुर्व स्वीकृती मितिः २०८१/०७/१४ चलानी नं. ६०२२७४४९ LT No.: 313034

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Scaffolding | 3 | कामसम्म हुने | 160000 | १,४१,३५५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/– कामदार आफैले | रु. ७००/– कामदार आफैले | रु.४०,०००/– |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः** (क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्वन्धमा तालिम लिएको हुनुपर्नेछ ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्वन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालय बसुन्धरा, काठमाडौंमा २०८१/०७/२७ गते (12 Nov., 2024) हुनेछ ।**

**वैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :** १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस । २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस । ४) बिदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस । ५) अनिवार्य रुपमा विमा गराउनुहोस । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस । सोको एक प्रति आफुसँग राख्नुहोस । ७) श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा नजानुहोस । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस ।

**नोटः जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ । जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।**

**क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.** श्रम ईजाजत नं.: ५४३/०६१/०६२
बसुन्धारा–०९, काठमाडौं, फोनः ०१–४९५९७७२, ४९८४१९०, ४९८४१९१
९८५१०९९३०० (देबी प्रसाद अधिकारी), ९८१६७९७९७८, ९८२३८३१६२९, ९८१८३०६३३६, ९८१०२१९३४५
फ्याक्स नं. : ४३८३६२७, Email: capital2004@yahoo.com " Real Happiness Lies in Making Other Happy"

# गोलन्जोर गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति २०८१।०७।२०)**

प्रस्तुत विषयमा यस कार्यलयबाट आ व २०८१/०८२ बार्षिक बजेट अनुसार मिति २०८१/०५/१८ गतेको नयाँपत्रिकाराष्ट्रिय दैनिक र PPMO e – GP system को www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजानिक खरिद ऐन ,२०६३ को दफा २७(१) बमोजिम स्वीकृतीको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७(२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

| क्र. सं | ठेक्का नं | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको र कम मु.अ.कर सहित |
|---|---|---|---|---|
| १ | GRM/SIN/WORKS/ NCB/10/081/082 | Tinmure Bhaktiram Sadak Staronnati | Level Up Engineering And Builders Pvt. Ltd., Golanjor-5, Sindhuli | २१,०२,४५४.४० |
| २ | GRM/SIN/GOODS/ NCB/11/081/082 | Bal Mavi Sulibhanjyang Bhawan Nirman | Sudip Builders Pvt. Ltd., Fikkal-3, Sindhuli | ७२,८५,७७५.२० |
| ३ | GRM/SIN/WORKS/ NCB/12/081/082 | 4 No. Wada Karyalaya Bhawan Nirman | Kebaleshwar Construction And Suppliers Pvt. Ltd., Ramechhap-2, Ramechhap | ३३,०१,२९७.३७ |
| ४ | GRM/SIN/WORKS/ NCB/13/081/082 | Bhimjyoti Campus Bhawan Nirman | Karmabhumi Nirman Sewa, Manthali-6, Ramechhap | ५९,४२,९२२.४१ |

# चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइन निर्माण सम्पन्न

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ कात्तिक ।

त्रिशूली नदी र त्यसका सहायक खोलाहरुमा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युत राष्ट्रिय प्रणालीमा प्रवाह गर्न शुरु गरिएको चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइनको निर्माण सम्पन्न भएको छ। रसुवाको आमाछोदिङमो गाउँपालिका थम्बुचेतस्थित चिलिमे हब सबस्टेसनदेखि नुवाकोटको किस्पाङ गाउँपालिकाको पहिरेबेंसीस्थित त्रिशूली थ्री बी हब सबस्टेसनसम्मको २८ किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको हो ।



दशैं र तिहारको सार्वजनिक विदामासमेत कर्मचारी, निर्माण व्यवसायी अहोरात्र खटी प्रसारण लाइन निर्माण सम्पन्न गरिएको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए । कार्यकारी निर्देशक घिसिङले प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युतको अगुवाइमा निर्माण भएका १११ मेगावाटका रसुवागढी र ४२.५ मेगावाटको साञ्जेनसहित रसुवामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत आयोजनाको विद्युत् प्रवाहका लागि प्रसारण लाइन पूर्वाधार तयार भएको उल्लेख गरे । रसुवागढी र साञ्जेन आयोजना निर्माण सम्पन्न भई विद्युत उत्पादनको चरणमा छन् ।

'भौगोलिक रुपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनु पर्ने, भीरैभीर रहेको र सडक पनि नभएकाले ढुङ्गागिट्टी, बालुवा, टावरका सामान, पानी मानिस या खच्चडबाट बोकाएर लैजानु पर्ने, बाढीपहिरो, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध, कोभिड-१९, निर्माणस्थल हिमाली र पहाडी क्षेत्रमा पर्ने भएकाले लाइन निर्माणमा मौसमको पनि प्रतिकूल प्रभावजस्ता कारणले समस्यामा परेको आयोजना निरन्तरको प्रयासपछि निर्माण सम्पन्न हुन ठूलो उपलब्धी हो,' कार्यकारी निर्देशक घिसिङले भने । 'उत्तरतर्फको छिमेकी देश चीनसँगको विद्युत व्यापारका लागि चिलिमे-केरुङ अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न लागिएको छ, चिलिमे-त्रिशूली प्रसारण लाइनले नै चीनलाई जोड्ने छ ।'

चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइन आयोजना अन्तर्गत नै २२०/१३२/३३ केभीका चिलिमे हब र त्रिशूली थ्री बी हब सबस्टेसन निर्माण सम्पन्न भइसकेका छन् । त्रिशूली थ्री बी हब सबस्टेसनमा आएको विद्युत काठमाडौंको मातातीर्थसम्मको त्रिशूली-काठमाडौं २२० केभी प्रसारण लाइन हुँदै राष्ट्रिय प्रणालीमा समाहित हुनेछ। सान्जेन र रसुवागढी जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युत चिलिमे हब सबस्टेसनमा जोडी चिलिमे-त्रिशूली प्रसारण लाइन हुँदा राष्ट्रिय प्रणालीमा समाहित हुनेछ । २८ किलोमिटर लामो प्रसारण लाइनका लागि ७६ वटा टावर निर्माण गरिएका छन् ।

प्रसारण लाइन समुद्री सतहबाट ६८० देखि २६०० मि.सम्म पर्ने भूभागमा निर्माण गरिएको छ। ३३ वटा टावर पहुँच सडक नै नभएका ठाउँमा निर्माण गर्नु पर्ने अवस्था थियो। उक्त स्थानसम्म पुग्न छुट्टै पहुँच सडक निर्माण गरिएको छ । आयोजनाले लाइन निर्माणका लागि २० किलोमिटरभन्दा बढी पहुँच सडक निर्माण गरेको प्राधिकरणको उच्च भोल्टेज ग्रीड विभागका निर्देशक थर्क बहादुर थापाले बताए । निर्देशक थापाले खच्चड र मानिसबाट निर्माण सामग्री र उपकरणहरु ढुवानी गरी ९ वटा हेलिकोप्टरबाट निर्माण सामग्री ढुवानी गरी २ वटा टावर निर्माण गरिएको उल्लेख गरे ।

उत्तरगया गाउँपालिका-१ तिरुबाट सोही वडाको सिरुचेतसम्म १ हजार २ सय ३५ मि. लम्बाइमा तार तानिएको छ। मैलुङखोलामाथि पर्ने उक्त खण्ड (मैलुङ क्रसिङ□)मा ड्रोनको प्रयोग गरी तार तानिएको थियो। प्रसारण लाइन अन्तर्गत चिलिमे-मैलुङ खण्ड २० किलोमिटर डबल सर्किट र मैलुङ-त्रिशूली थ्री बी हबसम्म ८ किलोमिटर चार (मल्टी) सर्किट लाइन निर्माण गरिएको छ । कोरियन कम्पनीहरुको अगुवाइमा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनाको विद्युत जोड्नका लागि मल्टी सर्किट लाइन बनाउन लागिएको हो ।

माथिल्लो त्रिशूली-१ ले मल्टी सर्किट लाइन बनाउँदा भएको खर्चको ६० प्रतिशत रकम बेहोर्ने छ ।अनुमानित लागत ३ अर्ब ६२ करोड ८९ लाख अमेरिकी डलर रहेको चिलिमे-त्रिशूली आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणको लगानी र जर्मन विकास बैंक (केएफडब्लू)को अनुदान रहेको छ । युरोपेली युनियनले स्थापना गरेको युरोपेली लगानी बैंक (इआइबी)को आयोजनामा सहुलितपूर्ण ऋण रहेको छ।

प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि चिनियाँ कम्पनी पिङगाओ ग्रुप अफ कम्पनीजसँग २०७४ को कात्तिकमा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौता २०७४को पुसमा कार्यान्वयनमा आएको थियो ।

# बाबा बैजुनाथ सुगर मिल्स सञ्चालनमा

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १९ कात्तिक ।

रौतहट जिल्लामै ठूलो उद्योगको रुपमा कटहरिया नगरपालिका-९ डुमरियामा बाबा बैजुनाथ सुगर एन्ड केमिक्लस इन्डस्ट्रिज सञ्चालमा आएको छ। बाबा बैजुनाथ सुगर एन्ड केमिक्लस इन्डस्ट्रिजको सोमबार विधिवत रुपमा डोंगा पूजा गरि एसँगै सञ्चालनमा आएको हो । ब्राहमणद्वारा हिन्दू परम्पराअनुसार मन्त्रोच्चारण सहित मिलका निर्देशक अभय प्रकाश जैसवाल दम्पतीले डोंगा पूजा गरेका थिए। उखु क्रसिङ गर्नु अघि खरिद गरिएको उखु राख्ने ठाउँलाई मिल्सको भाषामा डोंगा भन्ने गर्दछ। पूर्ण विधि विधान अनुसार डोंगालाई पूजा गरेर मिल सञ्चालन गरेमा वर्षभरी बिना बाधा राम्ररी सञ्चालन हुने धार्मिक मान्यता रहेको पाइन्छ ।




मिल सञ्चालनको क्रममा सोमबार सबैभन्दा पहिले मिलमा उखु ल्याएका गढिमाइ नगरपालिका- ३ का किसान शिव श्याम बैठालाई निर्देशक अभय प्रकाश जैसवालले सम्मान गरे। बाबा बैजुनाथ चिनी मिल सञ्चालन भएदेखि नै घाटा बेहोर्दै आएपनि यस पटक २० लाख क्वीन्टलभन्दा बढी उखु क्रसिङ गर्ने लक्ष्यसहित सञ्चालन गरिएको चिनीमिल सञ्चालन समितिका अध्यक्ष बैजु बाबराले बताए। उनले विविध कारणले गत वर्ष मात्र साढे १२ लाख कुईन्टल क्रसिङ गरी बन्द भएको थियो। गत वर्ष क्रसिङ भएको उखु बापतको किसानलाई सम्पूर्ण भुक्तानी भइसकेको उनले बताए।

नेपाल सरकारले दिँदै आएको अनुदानको रकम भुक्तानी गरिसकेको अध्यक्ष बाबराले जानकारी दिए। यस सिजनमा उखु खेती गर्ने किसानको सुविधाको सुविधा स्वरुप मिलले मलखाद, बीउ तथा ऋण स्वरुप खेती अनुसारको केही रकम समेत दिने योजना रहेको छ। समयमा उखुको भुक्तानी नपाएर विगतमा उखुखेती गर्न छोडिसकेका दर्जनौं किसानहरु मिलले नियमित भुक्तानी दिनथाले पछि पुनः उखु खेती गर्ना थालेको उनले बताए। यस सिजनमा पनि मिलमा चालान हुने उखुको निर्धारित समयभित्र भुक्तानी तालिकाअनुसार भुक्तानी दिने योजनाअनुसार मिल सञ्चालन गरिएको अध्यक्ष बाबराले प्रतिबद्धता जनाएका छन् ।

बाबा बैजुनाथ सुगर एण्ड केमिकल ईन्डस्ट्रीज कटहरिया-९ डुमरियाका उखु महाप्रवन्धक सियाराम साहले मिल सञ्चालनको पहिलो चरण सोमबारदेखि उखु ल्याउन किसानलाई चलान पुर्जी वितरण शुरु भएको बताए। यस सिजनमा लक्ष्य अनुसारको उखु ल्याउनको लागि रौतहटका साथै छिमेकी जिल्लाहरु बारा र सर्लाहीका किसान तथा स्थानीय प्रशासनसँग सहमतिको भैसकेको महाप्रवन्धक साहले जानकारी दिए। लक्ष्य अनुरुप उखु क्रसिङ गर्न सकेमा व्यावसायिक दृष्टिकोणले सञ्चालन गरिएको चिनी मिल अब घाटामा नजाने महाप्रवन्धक साहले दाबी गरे ।

# एउटै फार्मबाट दुई लाखको फूल बिक्री

**पाल्पा/मस-** पाल्पाको रामपुरमा रहेको एउटा फार्मबाट फूलमाला बिक्री गरेर दुई लाख बढीको आम्दानी भएको छ। तिहार अर्थात् भाइटीकाका अवसरमा सयपत्री फूल तथा माला बिक्री गरेर 'हाम्रो आधुनिक कृषि फार्म'ले उक्त आम्दानी गरेको हो। फार्मका सञ्चालक दिलबहादुर थापाले सयपत्री फूलले राम्रो बजार पाएको र यसबाट मनग्य आय आर्जन भएपछि व्यवसायमा उत्साह थपिएको बताए । तीन दिनको अवधिमा बारीमा लगाएको सबै फूल बिक्री भएको उनले बताए।



बुटवल, तानसेन, पोखरालगायत बजारबाट माग आएको भए पनि बाहिर पठाउन नसकिएको अर्का सञ्चालक लालबहादुर थापाले बताए। बारी भरि लगाइएको फूल सकिँदा पनि माग उत्तिकै आएको उनको भनाइ छ । फूलबाट पर्याप्त आम्दानी भएपछि पाँच वर्षदेखि यसको खेती गर्दै आएको थापाको भनाइ छ। प्रतिकिलो फूल पाँच सय र प्रतिमाला एक सय ५० मा बिक्री भएको थापाले बताए ।

हरेक वर्ष तिहारमा फूलमाला माग अनुसार पुर्याउन नसकिएको उनको भनाइ छ । यस वर्ष करिब चार रोपनी जग्गामा लगाएको फूल सबै बिक्री भएको छ । स्थानीयस्तरमा नै फूलले राम्रो व्यापार पाएको छ । गाउँघरमा पनि विद्यालय, विभिन्न संघसंस्थाको आयोजनामा लक्ष्मीपूजा तथा दीपावली मनाइने चलन पछिल्लो समय बढ्दो रहेकाले फूलमालाको खपत राम्रो हुने गर्दछ ।

भाइटीकाका दिन लगाउन मात्र नभई तिहार पर्व शुरु भएदेखि नै घर, विद्यालय तथा संघसंस्थामा सजाउन, पूजाआजा गर्न सयपत्री फूल खोज्ने भएकाले हिजोआज फार्ममा फूल खरिद गर्न ग्राहक बढेका छन्। यहाँ हरेक वर्ष दुई लाखदेखि तीन लाख बराबरको फूलको माला बिक्री हुँदै आएको सञ्चालक थापाले बताए ।

# ऊर्जामन्त्री खड्का अन्तर्राष्ट्रिय सौर्य गठबन्धन सम्मेलनमा सहभागी

**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले भारतमा शुरु भएको अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आईएसए) सम्मेलनमा सहभागिता जनाएका छन्। उनी भारतको राजधानी नयाँ दिल्लीमा आइतबारदेखि सुरु भएको सातौं गठबन्धन सम्मेलनमा सहभागी भएका हुन्। मन्त्री खड्का उक्त सम्मेलनमा भाग लिन आइतबार नयाँ दिल्ली प्रस्थान गरेका थिए। सन् २०१५ मा फ्रान्सको पेरिसमा भएको संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप-२१) को २१औं सत्रमा अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको घोषणा गरिएअनुसार उक्त गठबन्धनको सातौं सम्मेलनमा मन्त्री खड्का सहभागी भएको विद्युत विकास विभागका महानिर्देशक नवीनराज सिंहले जानकारी दिए।



कोप- २१ सम्मेलनमा भाग लिएका करिब १२० राष्ट्रका प्रमुखले सौर्य ऊर्जाको प्रवर्द्धनका लागि क्रियाशील गठबन्धनमा आफ्नो सहभागिता हुने प्रतिबद्धता जनाएका थिए। उक्त सम्मेलनमा विश्वभर ऊर्जा पहुँच बढाउन, ऊर्जा सुरक्षा सुनिश्चित गर्न र ऊर्जा विकासलाई निर्देशित गर्ने माध्यमको रुपमा सौर्य ऊर्जा प्रविधिको बढ्दो उपयोगबारे छलफल हुने महानिर्देशक सिंहले बताए । अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको अध्यक्ष, सह-अध्यक्ष, महानिर्देशकलगायत पदसहितको नयाँ कार्यसमिति चयन गरिनेछ । सम्मेलनले जलवायु परिवर्तन कम गर्न नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धीमा पेस गरेको दोस्रो राष्ट्रिय निर्धारित योगदान कार्यान्वयनमा सहयोग पुग्ने महानिर्देशक सिंहको भनाइ छ । सन् २०४५ सम्ममा कार्बन उत्सर्जन शून्यको लक्ष्य हासिल गर्ने नेपाल सरकारको प्रतिबद्धताअनुरुप सौर्य जस्ता स्वच्छ ऊर्जाको अधिकतम विकास एवं प्रवर्द्धनबाट स्वच्छ ऊर्जा सङ्क्रमण कार्यान्वयनमा सहयोग पुग्नेछ ।

विद्युतको माग र आपूर्तिबीचको सन्तुलन कायम गर्न सौर्य ऊर्जा विकासको माध्यमबाट ऊर्जा मिश्रणको सहायताले ऊर्जा सुरक्षा हासिल गर्न मद्दत पुग्ने बताइएको छ । सम्मेलनमा हरित विकास, जलवायु परिवर्तन र सौर्य ऊर्जा विकाससँग सम्बन्धित विश्वमा भएका सफल अभ्यास आदानप्रदान गरिनेछ । उक्त सम्मेलनमा ऊर्जामन्त्री खड्काले भारतका ऊर्जामन्त्री एवं आईएसएका अध्यक्ष प्रह्लाद वेंकटेश जोशीसँग भेट्ने कार्यक्रमसमेत रहेको छ। भेटमा नेपालको नवीकरणीय ऊर्जा क्षेत्रको विकासका विविध विषयमा छलफल हुनेछ ।

आईएसएले हाल नेपालको राष्ट्रिय सौर्य ऊर्जा रोडम्याप, सौर्य ऊर्जामार्फत स्वास्थ्य, शिक्षा, पर्यटनको सम्भाव्यता खोजी, सौर्य सिँचाइलगायतका विभिन्न सात कार्यक्रममा सहयोग गर्नेछ। उक्त सम्मेलनमा मन्त्री खड्कासँगै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारी, विद्युत विकास विभागका महानिर्देशक सिंह र मन्त्री खड्काका आर्थिक सल्लाहकार (अर्थविज्ञ) अमित श्रेष्ठलेसमेत सहभागी छन् ।

# तरकारी खेतीमै भविष्यका सपना देख्दै महादेव

**कञ्चनपुर/मस –** कञ्चनपुर शुक्लाफाँटा नगरपालिका ८ नौखरीका महादेव डगौराले व्यावसायिक तरकारी खेती गर्ने गरी किसानका रुपमा परिचित छन् । दुई दशक अघिदेखि डगौराले बाह्रै महिना तरकारी खेती गर्दै आएका छन्। कमैया मुक्तिको घोषणापश्चात् पाइएको पाँच कट्ठा जग्गाबाट उनले तरकारी खेती शुरु गरेका हुन्। अहिले डगौराले एक बिघा बढी जग्गामा तरकारी खेती गर्छन्।



'पाँच कट्ठा जग्गा आफ्नै स्वामित्वको छ', उनले भने, 'बाँकी १५ कट्ठा जग्गा लिज (भाडा)मा लिएर तरकारी खेती गर्दै आएका छौं ।' बारीमा उत्पादित तरकारी बेचेर वर्षमा पाँच लाखदेखि सात लाखसम्मको आम्दानी हुने गरेको उनी बताउँछन् । बर्षातको समयमा लहरे तरकारी लौका, फर्सी, काँक्रा, बोडी बाली रोप्ने डगौरा हिउँदको मौसममा काउली, बन्दागोभी, गोलभेडा, फर्सी, खुर्सानी, आलु, तीतेकरेला लगायतको खेती गर्छन् । जेठ वैशाख महिनामा काँक्रा, लौकाको खेती गर्छन् । योसँगै तरकारीका बेर्ना तयार गरी किसानलाई उनले बिक्री गर्ने कार्य पनि गर्दै आएका छन् । उत्पादित तरकारी स्थानीय बजारमा सहज रुपमा खपत हुने गरेको छ ।

'उत्पादित तरकारी केही बारीबाटै बिक्री हुन्छ', उनले भने, 'बारीमा बिक्री हुन नसकेको तरकारी बजारसम्म पुर्‍याएर बिक्री गर्छौं ।' तरकारी बिक्रीबाट डगौराले गाउँमा पक्की घर ठड्याएका छन् । घरमै बेरोजगार भएर बसेका छोराका लागि अटो रिक्सा खरिद गरेर स्वरोजगार बनाएका छन्। सिँचाइका लागि विद्युतीय मोटर, बारी जोत्नका लागि पावर टिलर डगौराले जोडेका छन् । तरकारी बजारसम्म पुर्‍याएर बेच्नका लागि डगौरासँग मोटरसाइकल पनि छ। घरको अन्न, नुन, तेलदेखि लुगाफाटोसम्मको खर्च तरकारी खेतीको कमाईले धानिएको छ। भारतीय तरकारीसँग प्रतिस्पर्धा गर्न नसक्दा बजारमा तरकारी बेच्न कुनै बेला निकै समस्या हुने गरेको उनी बताउँछन् ।

# विदेशमा नेपाली चिया तथा कफीको माग बढ्दै

**काठमाडौं/मस –** अन्तर्राष्ट्रिय बजारमा नेपाली चिया तथा कफीको माग बढ्दै गएको छ ।

चिया तथा कफी विकास बोर्डको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/०८० मा ७७ मेट कफी विदेशमा निर्यात गरिएको थियो भने आव २०७८/०७९मा ७२ मेट उत्पादन गरी नौ करोड ६० लाख रुपैयाँको निर्यात गरिएको थियो। बोर्डले आव २०८०/०८१ को विस्तृत तथ्याङ संकलन कार्य भइरहेको जनाएको छ ।

आव २०७८/०७९मा देशभर ४५० मेट कफीको आयात गरी ३२ करोड रुपैयाँ खर्च गरिएकामा आव २०७९/०८० मा १० करोड रुपैयाँको मात्र आयात गरिएको थियो । यो करिब २२ करोड रुपैयाँले आयात न्यूनीकरण भएको बोर्डका निर्देशक दिपक खनालले जानकारी दिए । उनले कफीका लागि उपयुक्त हावापानी र क्षेत्र विस्तारले उत्पादनमा पनि वृद्धि भएको बताए ।

हाल देशभर तीन हजार छ सय ५९ हेक्टर क्षेत्रफल जमिनमा कफी विस्तार गरी करिब तीन सय ९५ मेट्रिकटन 'ग्रिनविन' उत्पादन गरिएको छ। यस क्षेत्रमा कार्यरत कृषकको संख्या हाल ३३ हजार छ भने नेपाली कफीको अन्तर्राष्धिट्रय बजारमा माग करिब १४ हजार मेट्रिकटन रहेको बोर्डले जनाइएको छ । नेपालमा गुल्मी, पाल्पा, अर्घाखाँची, ललितपुर, तनहुँ, काभ्रे, सिन्धुपाल्चोक, लमजुङ, कास्की, गोर्खा, स्याङ्जा, पर्वत, बागलुङलगायत ४३ जिल्लामा यसको व्यावसायिक खेती हुँदै आएको जनाइएको छ ।

यस्तै आव २०७८/०७९मा देशभर चियाको निर्यात तीन अर्ब ८० करोड रुपैयाँ रहेकामा आव २०७९/०८० मा करिब १४ करोड रुपैयाँले वृद्धि भएको छ । चिया उद्योगको संख्या एक सय ६१ पुगेको छ। यस क्षेत्रमा करिब ६० हजार श्रमिक कार्यरत रहेको बोर्डका अधिकृत चन्द्र पुरीले जानकारी दिए।

## साईबर अपराधबाट बचौं

**ईन्टरनेट प्रयोग गर्दा**

- बलियो पासवर्ड राखौं र पासवर्डलाई समय-समयमा परिवर्तन गरौं,
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिंक नखोलौं ।
- सामाजिक संजालमा आएका संकास्पद भिडियो वा अडियो कल नउठाऔं, यस्ता कल पटक-पटक आएमा ब्लक गरौं ।
- आफ्ना व्यक्तिगत विवरणहरु ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्ममिति आदि कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।
- अनावश्यक सफ्टवेयरहरु ईन्स्टल नगरौं, गरेको भए हटाऔं ।
- सामाजिक संजाल, ईमेल वा अन्य कुनै वेव एप्लिकेसन प्रयोग गरिसकेपछि साइन आउट गरौं ।
- डिजिटल डिभाईसहरु मर्मत गर्न दिँदा सम्पूर्ण विवरणहरु हटाएर मात्र दिऔं ।
- सामाजिक संजालमा अनावश्यक फोटो तथा व्यक्तिगत विवरणहरु नराखौं

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**